
# लेखापरीक्षण प्रतिवेदन

# बारपाक सुलिकोट गाउँपालिका, गोरखा

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# बारपाक सुलिकोट गाउँपालिका, गोरखा

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/307

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
बारपाक सुलिकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
गोरखा।

## कैफियतसहितको राय

हामीले बारपाक सुलिकोट गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियतसहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेस गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१६ करोड ४८ लाख ६८ हजार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको रु.६७ लाख १५ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.६ लाख ४५ हजार, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.८४ लाख ७३ हजार र पर्यटन पूर्वाधार विकास कार्यक्रमको रु.८६ लाख ८० हजार समेत रु.१८ करोड ९३ लाख ८१ हजार समावेश गरेको छैन।

२. गाउँपालिकाको रु.१ अर्ब ४४ करोड २८ लाख ५१ हजारको लेखापरीक्षण गरिएकोमा रु.३ करोड ८९ लाख ३७ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा रु.१६ लाख ६४ हजारको प्रतिक्रिया उपर कारबाही भई बाँकी बेरुजु रु.३ करोड ७२ लाख ७३ हजारमध्ये असुल गर्नुपर्ने रु.४२ लाख ७५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.१ करोड १८ लाख २६ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ४ लाख ७२ हजार र पेस्की बाँकी रु.७ लाख रहेको छ। गत वर्षसम्म रु.१० करोड ९४ लाख ३८ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.१४ करोड ६७ लाख १० हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिकबेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ति तथा राजस्व लगायतका विवरणहरू खुलासा गरेको छैन।

लेखापरीक्षण कार्यनेपालको संविधान, लेखापरीक्षण ऐनतथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँगसम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्नेगण्डकी गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसारहामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू रायव्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं

**अन्य बेहोरा**

यो पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ। त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूतरूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( राजेन्द्र राज ओझा )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

**चालु वर्षको बेरुजु**

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६६ | ७३ | ३८९३६८३८ | ० | २३ | १६६३८७४ | ० | ६६ | ५० | ३७२७२९६४ | ४२७४७७९ | २०४७१८३७ | ११८२६३४८ | ० | ० | ३२२९८१८५ | ७००००० |

**अद्यावधिक बेरुजू स्थिति**

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गोरखा | १०९४३८००० | ० | ० | १०९४३८००० | ० | ३७२७२९६४ | १४६७१०९६४ |

**बेरुजु सम्परीक्षणको विवरण**

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ५३ | लागत सहभागिता | ९९५५.२५ |
| २ | २०८०/८१ | ५८.१ | बढी भुक्तानी | ७७६५०.० |
| ३ | २०८०/८१ | ६४ | बढी भुक्तानी | १४७८८.० |
| ४ | २०८०/८१ | ४८ | प्रमाण र पुष्ट्याइ | ४९०२८५.० |
| ५ | २०८०/८१ | ९८ | प्रमाण पेश | ९१८५३०.० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ६ | २०८०/८१ | ८५ | पारिश्रमिक कर | ४३४३६.२ |
| ७ | २०८०/८१ | ४७ | धरौटी कट्टा नगरेको | २३०१४.० |
| ८ | २०८०/८१ | ४४ | ढुंगा, गिट्टी, बालुवाको राजस्व | ८४९५९.४ |
| ९ | २०८०/८१ | ४३ | कर दायित्व | १२५६.० |

# (८०४३६५०९३०० - बारपाक सुलिकोट गाउँपालिका, गोरखा )

## परिचय

१ **परिचय**

**(क)** परिचयः स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारीता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ८ वडा रहेको छ भने क्षेत्रफल २००.६३ वर्ग किलोमिटर तथा २२ हजार ६३६ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-**लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०।८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-**यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०।८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।८।७ देखि २०८१।८।१३ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-**लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-**लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरू सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-**कार्यालयको विनियोजन, राजश्व, धरौटी, अन्य कारोबार, आय-व्ययतर्फको गरी जम्मा रु.१ अर्ब ४४ करोड २८ लाख ५१ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरू :-**लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरू अनुसूची-२ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.५,२३,३८३।- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं. | वापत | रकम |
|---|---|---|
| १ | पाठ्यपुस्तक बढी निकसा | ६१४१० |
| २ | छात्रवृत्ति बढी निकासा | ५२०० |
| ३ | इन्टरनेट बढी निकासा | १२००० |
| ४ | पदाधिकारी अनुगमन भत्ता | ५०१५० |
| ५ | सहभागी भत्ता | १९०४० |
| ६ | प्रशिक्षक भत्ता | ६१२० |
| ७ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा बढी भुक्तानी | ३४७९ |
| ८ | कर कट्टी छुट | ७०५० |
| ९ | विद्यालयलाई दोहोरो निकासा | ६१४६८ |
| १० | तलब बढी निकासा | ४७०३१ |
| ११ | पारिश्रमिक मोदराज | २२१४ |
| १२ | सहभागी भत्ता | २५२४५ |
| १३ | सामाजिक सुरक्षा | १७०५५८ |
| १४ | कर कट्टी छुट | २४००० |
| १५ | उपभोक्ता समिति | २६५७८ |
| १६ | पारिश्रमिक | १८४० |
|  | जम्मा | ५२३३८३ |

**एकीकृत आय-व्ययः** पालिकाको आर्थिक वर्ष २०८०।८१ को समग्र आर्थिक कारोबार समेटिने गरी तयार गरेको एकीकृत आर्थिक विवरणको संक्षिप्त अवस्था निम्नानुसार रहेको छः

| आयतर्फ | | व्ययतर्फ | |
|---|---|---|---|
| **गत वर्षको अल्या** | | गाउँपालिका चालु | १०१६७६७७५.४८ |
| संचितकोष | ७४२५४२१५.५९ | गापा कृषि | १३३९३४२९.०० |
| धरौटी | १६४६९९७०.४० | गापा शिक्षा | २०९६३६२६.०० |
| विविध खर्च खाता | ७२९२७५९.५० | गापा स्वास्थ्य | ९००३५२७.५० |
| प्रकोप व्यवस्थापन कोष | १८९३७४.०० | गाउँपालिका पुँजीगत | १२६२३४७९६.७३ |
| विविध कोष खाता | ११२४५४६.६२ | **संघीयतर्फ** | |
| **राजस्व (आन्तरिक आय)** | | सशर्त अनुदान चालु | २३०२१६४०१.५९ |
| आन्तरिक राजस्व | ८९५८६७०.१४ | सशर्त अनुदानपुँजीगत | ८४६५०७२.०० |
| राजस्वबाँडफाँट दहत्तर बहत्तर | १७१४४३६.७४ | समपुरक अनुदान | ७०२००००.०० |
| राजस्वबाँडफाँट मालपोत | ८४०१८१४.७० | विशेष अनुदान | ५३०२७०२.४० |
| बाँडफाँटबाटप्राप्त राजश्व (संघ) | ८५३११३२५.७६ | **प्रदेशतर्फ** | |
| **संघीयसरकारबाट प्राप्त अनुदान** | | समपुरक अनुदान | ३७८२७२१.०० |
| वित्तीय समानीकरणअनुदान | १२२७६००००.०० | विशेष अनुदान | २१५७००५.०० |
| सशर्त अनुदानचालु | २४७३९५४५८.०० | सामाजिक सुरक्षा | १६४८६७९०३.०० |
| सशर्त अनुदानपुँजीगत | ८७४५०००.०० | मुख्यमन्त्री तथा मन्त्रीपरिषद कार्यालय | ६७१४८२६.०० |
| समपुरक अनुदान | ७०२००००.०० | स्वास्थ्यक्षेत्र सुधार कार्यक्रम | ६४५०००.०० |
| विशेष अनुदान | ५४९४५९३.०० | एकीकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम | ८४७३४३१.५१ |
| **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | पर्यटन पूर्वाधार बिकास कार्यक्रम | ८६८०३०४.७२ |
| वित्तीय समानीकरण अनुदान | १४१०४५००.०० | धरौटी खर्च | ६२०११९१.३१ |
| समपुरक अनुदान | ४०००००० .०० | विविध कोष खाता खर्च | २९००००.०० |
| विशेष अनुदान | २२८७०००.०० | विविध खर्च खाता | २१५७००५.०० |
| विविध कोष खाता | ५४८१६९.०० | मौज्दात बाँकी | |
| विविध खर्च खाता | ३३७२४१.०१ | संचित कोष | ६६६१९३२७.२९ |
| धरौटी | ५२९५४२१.४३ | धरौटी | १५५६४२००.५२ |
| **अन्तरसरकारी अख्तियारी संघ** | | विविध कोष खाता | १६७२७१५.६२ |
| सामाजिक सुरक्षा | १६४८६७९०३.०० | विविध खर्च खाता | ५८३२८८८.५१ |
| मुख्यमन्त्री तथा मन्त्रीपरिषद कार्यालय | ६७१४८२६.०० | | |
| स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ६४५०००.०० | | |
| एकीकृत स्वास्थ्यपूर्वाधारविकास कार्यक्रम | ८४७३४३१.५१ | | |
| पर्यटन पूर्वाधारबिकास कार्यक्रम | ८६८०३०४.७२ | | |
| फरक | ४८४८८८९.०६ | | |
| **जम्मा** | **८१५९३४८५०.१८** | **जम्मा** | **८१५९३४८५०.१८** |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण**

२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाब राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्:

- स्थानीय तहले सञ्चित कोषमा गत विगतको साविक गाउँपालिका र गा.वि.स. हरूबाट सरी आएको सम्पत्ति र दायित्व बाँकीको अवस्था समेत स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSAS अनुरूप) म.ले.प.फा.नं. २७० ले साविकको उक्त कारोबार समेत देखिने गरी आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन ।
- कार्यालयले आ.व. २०८०।८१ को लागि बजेट तथा कार्यक्रम स्वीकृत गर्दा स्थानीय सञ्चित कोषमा हुनसक्ने आम्दानी र खर्चको यथार्थतालाई विश्लेषण गरेर तर्जुमा गर्नुपर्नेमा सो बमोजिम भए गरेको पाइएन । यस स्थानीय सरकारको कार्यपालिका र

सभाले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा र स्वीकृत गर्दा गराउँदा आफ्नो अपेक्षित आम्दानी र खर्चलाई विश्लेषण गरेर मात्र यथार्थतामा आधारित भएर तर्जुमा गर्नुपर्ने देखिन्छ ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिका तथा गाउँपालिकाले प्रत्येक वर्षको साउन १ गतेदेखि आगामी वर्षको आषाढ मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाब राख्नु पर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । कार्यालयले पेश गरेको वित्तीय विवरण यथार्थ र सही ढंगले तोकिए बमोजिमको ढाँचामा बन्नु पर्दछ ।
- वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१६,४८,६७,९०३।-, मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयको रू.६७१४८२६।-, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रू.६,४५,०००।-, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रू.८४,७३,४३१।५१ र पर्यटन पूर्वाधार विकास कार्यक्रमको रू.८६,८०,३०४।७२ समेत गरी रू.१८,९३,८१,४५६।२३ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।
- एकीकृत आर्थिक संकेत वर्गीकरण तथा व्याख्या २०७४ अनुसार चालु र पुँजीगत शीर्षकमा रकम विनियोजन गरी खर्च गर्नुपर्नेमा कतिपय कार्यक्रम चालुबाट गर्नुपर्नेमा पुँजीगत शीर्षक र पुँजीगत शीर्षकबाट गर्नुपर्नेमा चालु शीर्षकबाट खर्च भएकोले उक्त व्याख्या अनुसार बजेट तयार तथा कार्यान्वियन भएको छैन । अतः खर्च शीर्षकले यथार्थ शीर्षकगत खर्च रकमको विवरण दिन सक्ने अवस्था रहेन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ । पालिकाले समिति गठन गरेको जनाएको छ । समितिलाई थप प्रभावकारी बनाउनु पर्दछ ।

  त्यसैले तोके बमोजिमका वित्तीय विवरण तथा खाताहरू अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

२.२ पालिकाले पेश गरेको एकिकृत आय-व्यय विवरण अनुसार पालिकाको समग्र आम्दानी रु. ८१,१०,८५,९६१।१२ रहेको र बैंङ्क मौज्दात बाँकी समेत समग्र खर्च रु.८१,५९,३४,८५०।१८ रही बैंक मौज्दात रु.८,९६,८९,१३१।९४ ले फरक परी बढी हुन गएको रू.४८,४८,८८९।०६ देखिएकोले यथार्थता यकिन गरी बैंक हिसाब मिलान विवरण तयार गर्नुपर्दछ ।

## ३ **योजना र कार्यान्वयन-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था

अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनु पर्दछ। यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरू देहाय अनुसार छन्:

| क्र. सं. | विवरण | योजना संख्या | खर्च रकम |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमको योजना | २२ | १७६९३०८ |
| २ | रु एक लाख एक देखि पाँच लाख सम्मका योजना | १४१ | ३६१२४७४६ |
| ३ | रु ५ लाख देखि १० लाख सम्मका योजना | २६ | १२०७०२९० |
| ४ | दश लाख एक देखि ५० लाख सम्मका योजना | २० | २७०५६२१५ |
| ५ | ५० लाख भन्दा माथिका योजना | २ | १६५७५१९६ |
| | जम्मा | २११ | ९३५९५७५५ |

४ **क्षेत्रगत बजेट र खर्च-**

स्थानीय तहले एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ ।यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र सं | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४६९१४००० | ३५८५९२९७ | ७ |
| २ | पूर्वाधार विकास | १४४०१७७०० | ११५३२७४२७ | २२ |
| ३ | सामाजिक विकास | २९१८४३६०० | २५६४३५९०३ | ५० |
| ४ | सुशासन तथा अन्तर्सम्बन्धित क्षेत्र | १०२७०००० | ६५४०३८५ | १ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १३६३७७००० | १०१७३०३४२ | २० |
| | जम्मा | ६३९४२२३०० | ५१५८९३३५४ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकामा सबैभन्दा बढी ४९.७१ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धितमा सबैभन्दा घटी १.२७ प्रतिशत रहेको छ ।

५ **त्रैमासिक पूँजीगत खर्च-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **त्रैमासिक खर्च** | | | | **आषाढ महिनाको खर्च** |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १३८४८२५८९.७३ | ९५४८८५२.९८ | ६६९३८९६.०० | ४०७२७७३४.१२ | ८१५१२१०६.६३ | ५६४८९९०९.६३ |
| प्रतिशत | १००. | ६.९० | ४.८३ | २९.४१ | ५८.८६ | ४०.७९ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१३,८४,८२,५८९।७३ पुँजीगत खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.९५,४८,८५२।९८ (६.९० प्रतिशत), दोस्रो त्रैमासिकमा रु.६६,९३,८९६।- (४.८३ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.४,०७,२७,७३४।१२ (२९.४१ प्रतिशत) र चौथो त्रैमासिकमा रु.८,१५,१२,१०६।६३ (५८.८६ प्रतिशत) खर्च गरेको देखिएको छ

। यसरी नै आषाढ महिनामा मात्र रु.५,६४,८९,९०९।६३ (४०.७९ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

६ **पदाधिकारी सुविधा-**

गण्डकी प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन अनुसार पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिमको रकम नबढ्ने र दोहोरो नपर्ने गरी सुविधा पाउने व्यवस्था गरेको छ । यस पालिकाले आर्थिक वर्ष २०८०।८१ मा ४५ जना पदाधिकारीहरूलाई पदाधिकारी सुविधामा रू.१,१९,४७,३४८।- खर्च लेखी भुक्तानी गरेको विवरण प्राप्त भएको छ । कानुन बमोजिमको रकम दोहोरो नपर्ने गरि भुक्तानी हुने व्यवस्था मिलाउनु पर्दछ ।

७ **आन्तरिक नियन्त्रण प्रणाली-**

स्थानीय सरकार सञ्चालन ऐन¸ २०७४ को दफा ७८ बमोजिम कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको देखिएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू यस प्रकार रहेका छन्

बजेट व्यवस्थापनतर्फ

• स्थानीय सरकार सञ्चालन ऐन¸ २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेखांकन र व्यवस्थापन नगरेको, स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोबारको अनुसूची-११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा गाउँपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको जनाएतापनि सो अनुरुप कार्यान्वियन भएको देखिएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिका तथा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयको क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वियनमा ल्याएको जनाएतापनि सो अनुरुप कार्यान्वियन भएको देखिएन,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको विश्लेषण गरी सम्भाब्य आयोजना बैंक खडा गरेको देखिएन,

• दिगो विकास योजना २०१५-३० लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरू तोकी मूल्याङ्कन गर्ने कार्य भएको देखिएन

खरिद व्यवस्थापनतर्फ

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा पालिकाले तयार गरेको जनाएता पनि सो बमोजिम खरिदको कार्य गरेको पाईएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरूको विवरण खुलाई अभिलेख राख्नुपर्नेमा नगरेको,

• कार्यक्रमहरूको विस्तृत विवरण देखिने गरी कार्यक्रम अभिलेख खाता राखेको पाईएन

• स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट सञ्चालन भएका विभिन्न योजनाको निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

भ्रमण खर्च व्यवस्थापनतर्फ

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमण अभिलेख व्यवस्थित नगरेको,

• नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने नगरेको,

• पालिकाका पदाधिकारीहरूको मासिक अनुगमन सुविधा भुक्तानी गर्दा अनुगमन प्रतिवेदन संलग्न गर्ने गरेको छैन,

• पालिकाका पदाधिकारीहरूले प्रयोग गर्ने सवारी साधनमा इन्धनको कोटा निर्धारिण गर्ने गरेको तर कार्यान्वयन नभएको ।

शिक्षातर्फ

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको,

• कार्यक्रम कार्यान्वयन पुस्तिकामा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन नगरेको

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागि सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरूको एकीकृत विवरण तयार नगरेको

विविधतर्फ

• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिने गरेको देखिएन ,

• कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन,

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

• निजामती सेवा ऐन, २०४९ अनुसार कर्मचारीहरूको कार्य विवरण बनाई लागु गरेको पाईएन,

• मूल्य अभिवृद्धि करमा दर्ता नभएको फर्मसँग रु.२० हजार भन्दा कम रकमका विभिन्न विलहरू मार्फत मसलन्द तथा कार्यालय सामाग्री खरिद गर्ने गरेको छ,

• कतिपय भ्रमण आदेशमा स्पष्ट काम उल्लेख नगरि कार्यालय सम्बन्धी काम मात्र उल्लेख गरेको छ,

• पदाधिकारीलाई मासिक सुविधा अन्तर्गत पाउने सञ्चार सुविधाको अतिरिक्त मोबाइल रिचार्ज कार्डमा थप खर्च लेख्ने गरेकोले यसमा नियन्त्रण हुनुपर्ने देखिन्छ,

• विद्युत, पानी महशुल यथा समयमै भुक्तानी नगरी ढिलाई गर्दा थप दस्तुर समेत खर्च लेख्ने गरेको छ,

• राजस्व संकलन सम्बन्धमा सूचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पूर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन,

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक गरेको छैन । केही सामान विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाई आवश्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गर्ने र जिन्सी पनि वडाले नै बाँध्ने गरेकोले गाउँपालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाएको देखिएन,

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधिको परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरू सम्बोधन गर्नुपर्ने उल्लेख भएकोमा सोको पालना नभएको

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको,

• विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,

• खेलकुद कार्यक्रम, साँस्कृतिक कार्यक्रमहरूको लागि अध्यक्षको तोक आदेशको आधारमा भुक्तानी गर्ने गरेको,

• सवारी तथा उपकरणको मर्मत संरक्षण तथा अभिलेख फारम नराखेको,

• अधिकांशमा पत्रपत्रिका तथा सञ्चार माध्यममा जनचेतनामूलक सूचना प्रकाशन/प्रशारण बापतको बिल भुक्तानी भएको तर सोको सम्झौता तथा कार्यादेश नभएको,

• पालिका तथा विद्यालयबाट आयोजना भएको खेलकुद प्रतियोगितामा खरिद गरी प्रयोग गरिएका खप्ने जिन्सी सामग्री लगायतका खेलकुद सामग्रीको विवरण सहित सम्बन्धित कार्यालय वा विद्यालयमा दाखिला गर्ने नगरेको,

• अधिकांश कार्यक्रम सञ्चालन पूर्व प्रस्ताव स्वीकृत नभएको र कार्यक्रम सम्पन्न प्रतिवेदन पेस नगरेको.

• पालिकाको डोजर/ एक्जाभेटर प्रयोगमा तेल प्रयोगको लग बुक नभएको ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

८ **खाना तथा विविध खर्च -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना, फुटकर इन्धन, सञ्चार तथा विविध तर्फ रु.२३,०२,२०६।- खर्च गरेको विवरण प्राप्त भएको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

९ **आन्तरिक लेखापरीक्षण-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ उपदफा (२) र (३) मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरीक लेखा परीक्षण गराउनु पर्ने र आन्तरीक लेखापरीक्षणले औल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनु पर्ने उल्लेख रहेको छ ।आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ उपदफा (१) मा स्थानीय तहले लेखा तथा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण गर्नु गराउनु पर्ने उल्लेख रहेको छ । यस पालिकाले कार्यालयमा आन्तरिक लेखापरीक्षण शाखा गठन गरेको र उक्त शाखामा आन्तरिक लेखापरीक्षकको पदपुर्ति गतबिगत वर्ष देखि भइरहेको देखिएतापनि उक्त जनशक्तिलाई अन्य शाखाको काममा खटाएको कारण जनाइ आन्तरिक लेखापरीक्षकले एक संक्षिप्त प्रतिवेदन मात्र जारी गरेको र उक्त प्रतिवेदनमा उल्लेखनिय व्यहोरा नरहेबाट यस प्रतिवेदनमा समावेश गर्नुपर्ने देखिन आएन । पालिकाले कानुन बमोजिम आन्तरिक लेखापरीक्षण शाखामा तोकिएको योग्यता पुरा भएको दक्ष जनशक्ति आवश्यक संख्यामा पदपुर्ति गरी स्वतन्त्र र वस्तुपरक रुपमा आन्तरिक लेखापरीक्षण गराइ समयमै प्रतिवेदन लिने र उक्त प्रतिवेदनमा औल्याएका व्यहोराहरूको यथाशिघ्र सुधार गरी गराइ आर्थिक प्रशासनलाई कानुन बमोजिम थप चुस्त दुरुस्त तुल्याउन पहल गर्नुपर्ने देखिन्छ ।

१० **योजना छनौट-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकास लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरूको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता दिएको देखिएन । तसर्थ स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरूको सूची तयार गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

११ **बजेट पेश, पारित र अख्तियारी-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्षले मिति २०८०।३।१० मा रु.६३ करोड ९४ लाख २२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।३१ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।३।३१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

१२ **खर्च विश्लेषण-**

यस पालिकाले अघिल्लो आ.व.२०७९।८० बाट प्राप्त अ.ल्या मौज्दात रु.९,९३,३०,८६६।११, यस पालिकाले यसवर्ष कुल आन्तरिक आय रू.८९,५८,६७०।१४ र राजस्व बाँडफाँड तथा अनुदानबाट रु.५०,७२,३४,१२८।– र अन्य वित्तीय व्यवस्थातर्फ रू.६१,८०,८३१।४४ समेत रू.६२,१७,०४,४९५।८९ आम्दानी भएकोमा चालु तर्फ रु.३७७४१०७६४।५७ र पुँजीगततर्फ रू.१३,८४,८२,५८९।७३ समेत रु.५१५८९३३५४।३० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.७० प्रतिशत रहेको छ । पालिकाले विकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । साथै आन्तरिक आय बढाउनका लागि सम्भाव्य उपाय अवलम्वन गर्नुपर्दछ ।

१३ **कर्मचारी दरबन्दी तथा करार-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । उपदफा ४ मा कर्मचारीको दरबन्दीको प्रस्ताव तयार गर्दा स्थायी कर्मचारीको लागि चाहिने तलव, भत्ता, सन्चयकोष कट्टी रकम, योगदानमा आधारित उपदान वा निबृत्तिभरण, औषधीउपचार सम्बन्धित बिदा जस्ता सेवा सुविधाको लागि लाग्ने खर्च व्यहोर्ने श्रोत समेतको विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुनेगरी मात्र दरबन्दी स्वीकृत गर्नुपर्ने प्रावधान रहेको छ । यस पालिकालाई बिगत वर्षमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विभिन्न पदमा ८५ जनाको दरबन्दी स्वीकृत गरेकोमा पालिकाले एक जना स्वकीय सचिव, दुई हलुका सवारी चालक र १३ कार्यालय सहयोगी समेत ८६ (१७ जना कार्यक्रम र स्वास्थ्य संस्था समेत) जना कर्मचारीहरू करारमा राखी रु.२,१५,५५,१२७।- भुक्तानी दिइ खर्च लेखेको विवरण प्राप्त भएको छ । कार्यालयले संगठन व्यवस्थापन र सर्भेक्षण गरेर थप दरबन्दी स्वीकृत गरेको जनाएतापनि आन्तरिक श्रोतको विश्लेषण र दिगो व्यवस्थापन बेगर नै सभाले दरबन्दी थप गर्नु र करारमा नियुक्ति गरी भुक्तानी गरेको कार्यलाई यथार्थमा आधारित भएर गरिएको भन्न मिल्ने देखिदैन ।

१४ **न्यायिक समिति-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रिया सम्बन्धि व्यवस्था छ । न्यायिक समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउँने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवाद दर्ता एवं फस्र्यौट विवरण अनुसार गतवर्ष फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउँन बाँकी २४ उजुरी रहेकोमा यस वर्ष विभिन्न विषयका १६ वटा विवाद दर्ता भएकोमा जम्मा ४० मध्ये २० वटा फस्र्यौट भई २० वटा बाँकी रहेको छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ

१५ **नाफामूलक सहकारी संस्थालाई गाडी खरिदमा अनुदान-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, राणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने उल्लेख छ । दफा ७६ अनुसार वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालिन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । सहकारी संस्थाको स्वामित्वमा रहेको सम्पत्तिको मूल्य वृद्धि हुने र नाफामूलक संस्थामा खर्च गर्ने सम्बन्धमा पालिकाले नियन्त्रण गर्नु पर्दछ । पालिकाले यो वर्ष स्थानीय सुलिकोट बहुउद्देशीय सहकारी संस्थालाई कृषि तथा पशुपन्छी बजारीकरणका लागि कृषि एम्बुलेन्स कार्यक्रम अन्तरगत गो.भौ. नं ३०५ मिति २०८१/३/२३ बाट नगद रु १९,३३,२६२/- उपलब्ध गराएको छ ।उक्त सहकारी संस्थाले auto connection pvt ltd ( ६१०२५७६४३) बाट रु २७,४९,८०४/- मा mahendra bolero comper single cabhood ४ पांग्रे १ थान जिप खरिद गरेको व्यहोरा संलग्न विल भरपाई बाट देखिन्छ ।नाफा मुलक सहकारी संस्थाको व्यवस्थापन तथा सञ्चालन कार्यको लागि यसप्रकार दिएको अनुदान आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ उपदफा (२) र स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७६ अनुसार दिन मिल्ने नदेखिनुका साथै कार्यालयलाई थप व्ययभार श्रृजना भएको हुँदा निज संस्थाबाट असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,३३,२६२ |

१६ **अनुत्पादक एवं वितरणमुखी खर्च-**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरूलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । नमुना छनौटको आधारमा केही भौचरहरू परीक्षण गर्दा पालिकाले देहाय बमोजिम दीर्घकालीन रूपमा रोजगारी सिर्जना नहुने वितरणमुखी कार्यमा रकम खर्च गरेको देखिन्छ। यसबाट उत्पादनमूलक र रोजगारी सिर्जना हुने क्षेत्रमा गर्नुपर्ने खर्चमा कटौती हुने हुँदा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ। यस्ता केही खर्च देहायअनुसार छन्-

| भौचर नं. | मिति | विवरण | रकम (रु.) |
|---|---|---|---|
| २९४ | २०८०।९।५ | अन्तराष्ट्रिय अपाङ्गता दिवस तथा आवश्यकताका आधारमा सामग्री खरिद अन्तर्गत ९० थान सिरक वितरण | १४०८५५ |
| ३६६ | २०८०।१०।११ | बाह्रमुले युवा क्लव एकादशी मेला | ७५००० |
| ३७२ | २०८०।१०।१९ | पोखरी गाउँ घाटु समाज परम्परागत पोशाक खरिद | ९९०७० |
| ३८६ | २०८०।१०।२२ | मण्डली युवा क्लव खेलकुद | ५०००० |
| ४९५ | २०८०।१२।४ | मिलनशिल महिला आय आर्जन/आमा समूह भाँडाकुँडा खरिद | ४०००० |
| ५२२ | २०८०।१२।१२ | महिला दिवस कार्यक्रममा विभिन्न बचत तथा ऋण सहकारी संस्था समेतलाई सहयोग | १२४५६० |
| ६६२ | २०८१।२।१४ | बहुक्षेत्रीय पोषण कार्यक्रम वडा नं ८ मा ३५ थान इलेक्ट्रिक किट्ली वितरण | १००००० |
| ६६३ | २०८१।२।१४ | युवा लक्षित कार्यक्रम फागु पुर्णिमा विशेष भलिबल तथा साँस्कृतिक मेला आयोजक समिति सहयोग | १५०००० |
| ६६७ | २०८१।२।१७ | जनकल्याण महिला समूह सामान खरिद कुर्सी टेबल खरिद | ५०००० |
| ७०७ | २०८१।२।२७ | जनजाति कार्यक्रम खाना बास तथा साउन्ट सिस्टम | १००००० |
| ९१५ | २०८१।३।२० | सिद्धार्थ मा.वि. विद्यालयको भवन उद्घाटन तथा सम्मान कार्यक्रम | ११०००० |
| १४० | २०८१।२।८ | सामुदायिक सशक्तिकरण कार्यक्रम अन्तर्गत सामुदायिक वन उपभोक्ता महासंघ नेपाललाई खाना खाजा समेत | २००००० |

१७ **टुक्राएर खरिद गरेको-**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (१) मा खरिद गर्दा अपनाउनु पर्ने खरिदका बिधिहरू र उपदफा (२) मा खरिद गर्दा टुक्रा पारेर खरिद गर्न नहुने उल्लेख छ।त्यसैगरी नियमावली, २०६४ को नियम ८ मा खरिदको योजना बनाउनु पर्ने र उपनियम १ खण्ड (ख) मा खरिदको सम्भावित प्याकेज सम्बन्धमा उल्लेख छ। उदाहरणको लागि पालिकाले कृषि तथा भेटेरिनरी सम्वन्धी उपकरण सामान तथा औषधी खरिद देहाय बमोजिम सोझै वा ३ वटा खुला दरभाउपत्र लिएर गरेको देखियो ।यसप्रकार गरिएको खरिद कार्य स्वच्छ प्रतिस्पर्धी र मितव्ययी भएको भन्न मिल्ने देखिएन ।

| गो.भौ. नं / मिति | आपुर्तिकर्ताको विवरण | खरिद विवरण | खरिद विधि | भुक्तानी रु |
|---|---|---|---|---|
| १०/२०८०/७/२२ | मिस्टर वि. प्रा.लि | Digital weighting balance machine ७ वटा | दरभाउपत्र | १,१८,०००/- |
| १०/२०८०/७/२२ | श्रेष्ठ मेशनरी एण्ड पार्ट्स | पशुको दाना बनाउने मेशिन | सोझै | ६१,०००/- |
| १३/२०८०/८/२८ | अल्पाइन भेट कन्सर्न प्रा.लि | पशु औषधी ३२ आइटम | दरभाउपत्र | ४,९९,७७२/- |
| १५/२०८०/८/२८ | कन्चन ट्रेडिङ हाउस | गोवर परिक्षणका सामग्री १७ आइटम | दरभाउपत्र | १,९९,९७६/- |
| १६/२०८०/८/२९ | मिस्टर वि. प्रा.लि | हाते ट्रयाक्टर खरिद र वितरण | दरभाउपत्र | १८,७४,४९९/- मध्ये ८,७७,७५०/- |
| १६/२०८०/८/२९ | श्रेष्ठ मेशनरी एण्ड पार्ट्स | हाते ट्रयाक्टर खरिद र वितरण | सोझै | १,८२,०००/- मध्ये ९०,०००/- |
| १६/२०८०/८/२९ | मनकामना मिल मेशिनरी | हाते ट्रयाक्टर खरिद र वितरण | सोझै | ५०,०००/- मध्ये २५,०००/- |
| ११/२०८०/८/२८ | गोर्खा एग्रो एण्ड हव . प्रा.लि | तरकारीको विउ | दरभाउपत्र | २,०६,०००/- |
| १७/२०८०/८/१ | गोर्खा एग्रो एण्ड हव . प्रा.लि | प्याजको विउ | दरभाउपत्र | ९०,०००/- |
| २३/२०८०/१०/९ | गोर्खा एग्रो एण्ड हव . प्रा.लि | आलुको विउ | दरभाउपत्र | ४,५०,०००/-मध्ये २,३२,०००/- |
| ३०/२०८०/१२/४ | गोर्खा एग्रो एण्ड हव . प्रा.लि | किविको विरुवा २००० थान | दरभाउपत्र | २,८०,०००/- |
| ३३/२०८०/१२/१३ | शिखर ट्रेडिङ हाउस. प्रा.लि | पशु औषधी ३२ आइटम | दरभाउपत्र | ४,९९,६९३/- |
| ४०/२०८१/१/२७ | कुमार एग्रोभेट | पशु औषधी ४ आइटम | दरभाउपत्र | ९८,२००/- |
| ४१/२०८१/१/२७ | कुमार एग्रोभेट | पशु औषधी ८ आइटम | दरभाउपत्र | १,९८,९६०/- |
| ७६/२०८१/३/१३ | अनिता एग्रो कन्सर्न | पशु औषधी | दरभाउपत्र | ४,९९,६६०/- |
| ९१/२०८१/३/१९ | कुमार एग्रोभेट | मल्चिङ प्लास्टिक | दरभाउपत्र | १,५०,०००/- |
| ९३/२०८१/३/२२ | जे.भि. मौरिपालन तथा घार उद्योग र गोला | मौरीघार र गोला | दरभाउपत्र | ४,७१,८६५/- |
| ९६/२०८१/३/२२ | अनिता एग्रो कन्सर्न | औषधी | सोझै | ८,०००/- |
| ९६/२०८१/३/२२ | गोरखनाथ एग्रो सप्लायर्स | औषधी | सोझै | २१,४९०/- |
| ९६/२०८१/३/२२ | कुमार एग्रोभेट | औषधी | सोझै | ५२,०००/- |
| ९६/२०८१/३/२२ | विपिन पोल्ट्री तथा कृषि फर्म | घासको विउ | दरभाउपत्र | १,०२,५७४/- |
| १०५/२०८१/३/२४ | वेगनाश मौरीघार उद्योग | मौरीघार र गोला | सोझै | ३,४६,७५०/- |
| १०५/२०८१/३/२४ | | मौरीघार र गोला | सोझै | ४०,०००/- |
| | जम्मा खरिद | | | रु६,५०,१४३९/- मध्ये भुक्तानी रु ५१,६९,६९०/- |

१८ **औषधी खरिद-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। पालिकाले यो वर्ष रु.१८,०७,०००।-को औषधी एक बोलपत्रको माध्यमबाट, रु.३४,७६,१०५।– मूल्यको औषधीविभिन्न ३ बिक्रेताबाट सिलबन्दी

दरभाउपत्रको माध्यमबाट खरिद गरी औषधी खरिदमा जम्मा रु.५२,८३,१०५।- भुक्तानी गरेको विवरण प्राप्त भएको छ। त्यसैगरी उपकरण तथा सर्जिकल सामानमा रू.१३,८४,१८३।– खर्च गरेको छ । औषधीको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिको गुणस्तर अनुसार कै औषधी प्राप्त भए नभएको यकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरूको जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

| सि.नं. | विवरण | खरिद विधि | रकम |
|---|---|---|---|
| १ | औषधी | इ विड | १८०७००० |
| २ | औषधी | कोटशन | ९९६४८६ |
| ३ | औषधी | कोटशन | ३९९८५८ |
| ४ | औषधी | कोटशन | ५२९८८५ |
| ५ | औषधी | कोटशन | ४९९६४ |
| ६ | औषधी | कोटशन | ४९९९११ |
| ७ | औषधी | कोटशन | १०००००० |
| | जम्मा | | ५२८३१०५ |
| ८ | उपकरण तथा सर्जिकल सामान | कोटशन | ३८२३९६ |
| ९ | उपकरण तथा सर्जिकल सामान | कोटशन | ५५०००० |
| १० | उपकरण तथा सर्जिकल सामान | कोटशन | १९३५३२ |
| ११ | उपकरण तथा सर्जिकल सामान | कोटशन | ५०००० |
| १२ | उपकरण तथा सर्जिकल सामान | कोटशन | ३९७८० |
| १३ | उपकरण तथा सर्जिकल सामान | कोटशन | ९८८७५ |
| १४ | उपकरण तथा सर्जिकल सामान | कोटशन | ६९६०० |
| | | जम्मा | १३८४१८३ |
| कुल जम्मा | | | ६६६७२८८ |

· आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने¸ औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन भन्ने व्यहोरा खुलाएको प्रमाण समावेश नभएको,

· आपूर्ति भएका औषधी एवं सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन,

· औषधीको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

· औषधीको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको,

तसर्थ औषधीको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसार कै औषधी प्राप्त भए नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरूको जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

**(क) औषधी खरिद टुक्राएको:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८उपदफा (२) मा प्रतिस्पर्धा सिमित हुने गरी खरिद टुक्राउन नहुने व्यवस्था छ । सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा रु.२५ लाखसम्मको खरिद कार्य उत्पादकले राष्ट्रियस्तरको समाचार

पत्रमा सुचना प्रकाशन गरी तोकेको बिक्रीमुल्यमा सोझैखरिद गर्न सकिने प्रावधान रहेको छ र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । सोझैखरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझैखरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष स्वास्थ्य तर्फ औषधी तथा उपकरण र सर्जिकल औजार खरिद गर्दा सार्वजनिक खरिद नियमावलीको नियम ८ अनुसार खरिदको योजना तथा प्याकेज बनाई बोलपत्रको माध्यमबाट एकमुष्ट रुपमा प्रतिस्पर्धा गराएर खरिद गर्नुको साटो १४ बिक्रेताबाट रु. 6667288। खरिद गरेको मध्ये एक इ बोलपत्रबिधिबाट ४७. ६६ प्रतिशत घटी दरमा हुने रु.१८०८०६७। मा खरिद गरेको छ भने बाकी रु. ४८५९२२१। मुल्यको औषधी, सर्जिकल सामान र उपकरणहरू सोझै तथा खुल्ला दरभाउपत्र लिएर न्युन प्रतिशत घटी दरबाट पटक पटक खरिद गरेको देखियो । यसप्रकार गरिएका खरिदहरू धेरैजसोमा लागत अनुमान समेत तयार गरिएको छैन । यसरी इ बोलपत्रको बिधिबाट गरिएको खरिदसंग तुलना गरी हेर्दा पालिकाले सोझै तथा खुला ३ दरभाउपत्रको बिधिबाट गरिएको औषधी, सर्जिकल सामान र उपकरणहरू खरिदमा करिव रु.२३१५९०५।रकम कार्यालयलाई थप व्ययभार पारेको देखियो । यसप्रकार टुक्रा गरेर सोझै वा खुला दरभाउपत्रबाट गरिएको खरिदमा बोलपत्रको तुलनामा थप दायित्व पारेको सम्बन्धमा सम्बन्धितको ध्यान गइ सुधार हुनुपर्ने देखिन्छ ।

**(ख) औषधीको सदुपयोगः** आर्थिक कार्यविधि तथा वित्त ीय उत्तरदायित्व ऐन,२०७६ को दफा ५५ मा सरकारी सम्पत्तिको संरक्षण तथा तोकिएको प्रयोजनमा प्रयोग गर्नुपर्ने सम्बन्धमा उल्लेख रहेको छ । नियमावअली,२०७७ को नियम ९४ मा सरकारी सम्पत्तिको जिम्मा र संरक्षण सम्बन्धमा प्रावधानहरू रहेका छन् । कार्यालयमा गतवर्ष खर्च नभइ योवर्ष मौज्दात सरि आएका, योवर्ष आफैले खरिद गरेका र संघिय तथा प्रदेश सरकारका सम्बन्धित बिभिन्न निकायबाट बिभिन्न समयमा हस्तान्तरण भइ आएका समेतका औषधी, सर्जिकल समान तथा उपकरणहरूको पालिका केन्द्रमा रहेका र मातहतका स्वस्थ्य संस्थामा रहेका औषधी तथा सर्जिकल सामानहरू र उपकरणको कायम मान्य अवधि समेत देखिनेगरी कार्यालयले अभिलेख अद्यावधिक गरेको देखिन आएन । कार्यालयबाट प्राप्त विवरण अनुसार निम्नानुसार विभिन्न परिमाणका औषधीहरू यो वर्षको अन्त्यमा म्याद समाप्त भई प्रयोगमा ल्याउन नसकिने अवस्थामा पुगेको देखियो । यसप्रकार औषधीहरू नोक्सानी हुनुमा प्रदेश सरकारका निकायहरूले घटी म्याद भएका औषधीहरू पठाएबाट सो अवस्था श्रृजना हुन गएको व्यहोरा लेखापरीक्षणको क्रममा जनाइएको छ ।

| क्र.सं. | औषधीको नाम | प्राप्ति (संघीय/ प्रदेश/स्थानीय) | म्याद समाप्त मिति | परिमाण | परल मूल्य |
|---|---|---|---|---|---|
| १ | Inj metochlopramide | स्थानीय | Jun 2024,Dec | ४२ | नखुल्ने |
| २ | Tab Ibuprofen 400mg | प्रदेश | 2023 Jun 2024 | २२ | नखुल्ने |
| ३ | Ferrous sulphate | प्रदेश | April 2024 April 2024 | ५६० | नखुल्ने |
| ४ | TabCarbamazepine 200m | प्रदेश | Feb 2024,sep | ३८९० | नखुल्ने |
| ५ | Implant 5 years | प्रदेश | 2023 | ३५० | नखुल्ने |
| ६ | Charcoal powder | स्थानीय | 24-Mar | १७ | नखुल्ने |
| ७ | Tab Amoxycycline 250 mg | प्रदेश | 23-Dec | १४ | नखुल्ने |
| ८ | Tab Albendazole 400 mg | प्रदेश | Dec 2023, sep | ४१०० | नखुल्ने |
| ९ | Rectified spitit 450 ml | प्रदेश | 23-Feb | २६४० | नखुल्ने |
| १० | Amoxycycline dry syrup 125 gm | प्रदेश | 23-Dec | १३ | नखुल्ने |
| ११ | Inj oxytocin | प्रदेश | Jan 2024,Aug | ७२ | नखुल्ने |
| १२ | Inj pheniramine 2 ml | प्रदेश | 2023 April 2023 | ९५ | नखुल्ने |
| १३ | Tab Atorvastatin 10 mg | प्रदेश | 24-Jun | १५ | नखुल्ने |
| १४ | Tab Tinidazole 500 mg | प्रदेश /स्थानीय | 24-Mar | २४०० | नखुल्ने |
| १५ | Inj Diclofenac 3 ml | प्रदेश | 24-Apr | ५५० | नखुल्ने |
| १६ | Cap Doxycycline 100 mg | प्रदेश / स्थानीय | 23-Jun | ३० | नखुल्ने |
| १७ | IUCD 12 Years | प्रदेश | Jan 2024, Nov | ६३० | नखुल्ने |
| १८ | Benzoic acid +salisilic acid | प्रदेश / स्थानीय | 2023 April 2024 | ५० | नखुल्ने |
| १९ | Navi malam (chlorhexidine gel 4% | प्रदेश | 24-May | १२३ | नखुल्ने |
| २० | Retinol A (Vitamin A )2 Lack | प्रदेश | 24-May | ९१० | नखुल्ने |
| २१ | Metronidazole I/V 100ml | स्थानीय | 24-May | ६ | नखुल्ने |
| २२ | Tab Azithromycine 500 mg | प्रदेश | 23-Aug | १०० | नखुल्ने |
| २३ | Tab levonogestrol 1.5 mg | स्थानीय | Jun 2024 March 2024 | ३३ | नखुल्ने |
| २४ | Inj dexamethasone 2 ml | प्रदेश / स्थानीय | 23-Aug | २० | नखुल्ने |
| २५ | Tab Azithromycine 250 mg | प्रदेश | 24-Apr | १९० | नखुल्ने |
| २६ | Amitryptaline 25 mg | प्रदेश | 24-Feb | ५७० | नखुल्ने |
| २७ | Hand sanitizer 450 ml | अन्य निकाय | 23-Dec | १२ | नखुल्ने |
| २८ | Gliperide 1 mg | प्रदेश | 24-Feb | ९०० | नखुल्ने |
| २९ | Tab Salbutamol 4 mg | प्रदेश | 23-Sep | २०० | नखुल्ने |
| ३० | Tab Amoxycycline 125 mg | प्रदेश/ स्थानीय | 23-Dec | ३०० | नखुल्ने |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ | Inj Adrenaline 1 ml | प्रदेश | 24-Jun | ९ | नखुल्ने |
| ३२ | Vitamin Bcomplex | प्रदेश | 23-Dec | २३०० | नखुल्ने |
| ३३ | Tab zinc 20 mg | प्रदेश | 23-Nov | १३९० | नखुल्ने |
| ३४ | Inj Hyoscine 2 ml | स्थानीय | 24-Jan | ७ | नखुल्ने |
| ३५ | Inj R/L 500ml | प्रदेश | 23-Apr | ८ | नखुल्ने |
| ३६ | Tab Ciprofloxacine 500 mg | प्रदेश | 23-Dec | ३०० | नखुल्ने |
| ३७ | Metformin 500mg | प्रदेश | 23-Dec | २० | नखुल्ने |
| ३८ | B Misopestrol 200 mg | प्रदेश | 24-Jan | १२७ | नखुल्ने |
| ३९ | Calamine lotion | प्रदेश | 23-Dec | ३२ | नखुल्ने |
| ४० | Povidone iodine 450 ml | प्रदेश | 24-Jan | १० | नखुल्ने |

**१९ कार्य सञ्चालन तथा अन्य कोष-**

नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम संचलान गर्दा विनियोजन बजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धत्तिमा नियन्त्रण गर्ने व्यहोरा उल्लेख गरेपनि यो कार्यालयले यो वर्ष प्रकोप व्यवस्थापनर विविध खर्च खाता जस्ता कोषमा गत वर्षबाट जिम्मेवारी सारेको रु.८६,०६,६७२।१२ र यो वर्षको थप रू.१२,५४,२६०।- सहित रु.९८,६०,९३२।१२ आय र रु.२१,६५,९६२।- खर्च गरी रु.७६,९४,९७०।१२ मौज्दात देखाएको छ। यसरी कोषमा रकम राखेर खर्च गरी खर्चमा दोहोरापना आउने, खर्चमा मितव्ययिता कायम नहुने हुँदा अत्यावश्यक बाहेकमा यसरी कोषमा रकम राख्ने, ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

| क्र.सं. | कोष नाम | शुरु मौज्दात | प्राप्ति | भुक्तानी | बाँकी |
|---|---|---|---|---|---|
| १ | विविध खर्च खाता | ७२९२७५१.५ | ४१६०९१.० | १८७५९६२.० | ५८३२८८०.५ |
| २ | स्थानीय तह विविध कोष खाता | ११२४५४६.६ | ८३८१६९.० | २९००००.० | १६७२७१५.६ |
| ३ | स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १८९३७४.० | ०.० | ०.० | १८९३७४.० |
| जम्मा | | ८६०६६७२.१ | १२५४२६०.० | २१६५९६२.० | ७६९४९७०.१ |

**२० कल्याण कोष-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवामा आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ ।यस पालिकाले यस वर्षसम्म कर्मचारी कल्याण कोष गठन गरेको छैन ।

(क) त्यसैगरी कार्यालयमा रहेका कोषहरूको अवस्था निम्नानुसार रहेको छ । यस्ता कोषहरूबाट हुने कारोबारको सम्बन्धमा पालिकाले उचित कार्यविधिहरूको तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्न ध्यान दिनु पर्दछ ।

| सि नं | कोषको नाम | गतवर्षको अ. ल्या . | यसवर्षको आम्दानी | यसवर्षको खर्च | मौज्दात बाकी |
|---|---|---|---|---|---|
| १ | प्रकोप व्यवस्थापन कोष | १८९३७४ | ० | ० | १८९३७४ |
| २ | विविध कोष खाता | ११२४५४७ | ५४८१६९ | २९०००० | १३८२७१५।६२ |
| | जम्मा | १३१३९२०।६२ | ५४८१६९ | २९०००० | १५७२०८९।६२ |

२१ **ढिलागरी राजश्व दाखिला -**

आर्थिक कार्यविधी तथा वित्तिय उत्तदायित्व ऐन, २०७६ को दफा २८ मा आफ्नो जिम्मा आएको सरकारी नगदी सोही दिन वा सोको भोलिपल्ट यथास्थानमा दाखिला गर्नुपर्ने र मनासिव माफिकको कारणले दाखिला गर्न नसकिने भए कारण खुलाई एक तह माथीको अधिकारी समक्ष म्यादथप माग गर्न सक्ने र तोकिएको समयमा दाखिला नगरेमा दाखिला गर्न बाँकी रकमको १० प्रतिशत जरीवाना गरी कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिमको कारवाही गर्नुपर्ने उल्लेख रहेको छ। यो वर्ष पालिका मातहतका ८ वटा वडा कार्यालयहरूले नगद आम्दानी गर्दा उक्त अवधी भन्दा धेरै ढिला हुनेगरी कतिपयले महिनाको एकपटक वा सोभन्दा पनि ढिला हुनेगरी एकमुष्ठ रुपमा प्राप्त नगदलाई पालिकाको बैंक खातामा दाखिला गर्ने गरेको देखियो। यसप्रकार वडाहरूबाट ढिला गरी दाखिला गर्ने गरेकोमा पालिकाले उक्त कानुन बमोजिम लाग्ने जरिवाना रकम समेत असुल गरेको छैन। यसमा पालिकाको ध्यान गई कानुन बमोजिम सुधार हुनुपर्छ ।

२२ **सिफारिस-**

सिफारिस : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा पालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । पालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, पञ्जिकरणको तथ्याङ्क तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ । यस गाउँपालिका तथा अन्तर्गतका वडाबाट यस वर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ ।

| विवरण | सिफारिस भएको संख्या |
|---|---|
| जन्मदर्ता | ६७६ |
| मृत्युदर्ता | ३०३ |
| बसाईसराई भई आउनेको दर्ता (जाने) | ७ (२९ जना) |
| बसाईसराई भई जानेको दर्ता | ६३ (२६२) |
| विवाह दर्ता | ३४५ |

२३ **वातावरणीय पक्षको अध्ययन नगरी ढुंगा, गिट्टी र वालुवाको विक्री-**

संघीय सरकारले जारी गरेको ढुंगा, गिट्टी र वालुवा उत्खन्न, विक्री तथा व्यवस्थापन सम्वन्धि मापदण्ड, २०७७ को दफा १३ मा साधारण निर्माणमुखी नदिजन्य तथा खानीजन्य पदार्थको उत्खन्न,संकलन र ढुवानी कार्यका लागि वातावरण संरक्षण सम्वन्धी प्रचलित कानुन बमोजिम वातावरणीय पक्षको अध्ययन गर्नपर्ने प्रवधान छ ।यस वारपाक सुलिकोट गा.पा. र अजिरकोट गा.पा.को सिमानामा पर्ने कालिका हाइड्रोपावर कम्पनी रहेको स्थानमा यी दुवै पालिकाले गत वर्ष संयुक्त लागतमा ३५५८९.५६ घनमिटर ढुंगा, गिट्टी र वालुवा उत्खन्न, र संकलन गरी रु ६०,१४,४२६/- खर्च लेखेकोमा उक्त उत्खन्न, र संकलनको कार्य दुई पालिकाहरू आफै गराउदा उक्त कार्यको IEE ( वातावरणीय पक्षको ) अध्ययन गराएका छैनन्।यसप्रकार संकलन भएको उक्त निर्माण सामग्रीलाई संयुक्तरुपमा ४ पटक सम्म ई वोलपत्र प्रस्ताव आहवान गरी चौथो पटक एक मात्र प्रस्ताव पेश गर्ने ठेकेदार नवकान्तिपुर कन्सट्रक्सन कम्पनी प्रा.लि.ले न्यूनतम कवोल लागतअनुमान रु १,८९,६७,७९७/८० को तुलनामा कवोल अंक रु १,८९,६८,०००/- ठेकेदारले १५ प्रतिशतले हुने रु २५,९९,१३५/८२ मा vat र tds समेत दुवै पालिकामा ५०/५० प्रतिशतका दरले दाखिला गरेको छ । दोस्रो किस्ता ४० प्रतिशतले हुने रकम रु ६९,३१,०८८/८६ मा vat र tds समेत हुने रकम निजले २०८१ असाढ मसान्त सम्ममा ५०/५० प्रतिशतका दरले दुवै पालिकामा दाखिलामा गर्नुपर्नेमा २०८१ भाद्र १३ गते मात्र दाखिला गरेको पाइयो ।यसप्रकार ढिला दाखिला गरेको अवस्थामा सम्झौता र प्रचलित कानुन बमोजिम लाग्ने जरिवाना र व्याज रकम कार्यालयले असुल गराएको छैन । सम्झौतामा जरिवाना र व्याजको प्रावधान नभएको कारण असुल नगरिएको व्यहोरा कार्यालयले जनाएको छ ।

२४ **अभिलेख-**

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्रका करदाताको अभिलेख अद्यावधिक गरी करको

दायरामा ल्याउनु पर्दछ।

२५ **व्यवसाय कर-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर लगाउँने व्यवस्था रहेको छ । पालिकाले यो वर्ष व्यवसाय कर वापत रु. ३३,८५०।रकम असुल गरेको जनाएको छ । पालिकाको कार्यालयले व्यवसायहरूको लगत राखी राजस्व असुल गर्नूपर्नेमा लगत राखेको पाइएन । पालिका क्षेत्र भित्रका व्यवसाय एवं व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

२६ **वितरणमुखी कार्यक्रम-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाउँपालिका र दफा १२ मा वडा समितिको काम, कर्तव्य र अधिकार तोकेको छ । दफा १६ को उपदफा (४)(१) क. मा नगर प्रमुखको र (४)(१)ग. मा वडाध्यक्षको काम, कर्तव्य र अधिकार सम्वन्धी व्यवस्थामा नगर प्रमुख र वडाध्यक्षले आर्थिक सहायता दिनसक्ने, वितरणमुखी प्रकृतिका खर्च गर्न मिल्ने र पालिकालाई थपव्ययभार श्रृजना गर्ने प्रकृतिका कार्यमा खर्च गर्न सक्ने अधिकार रहेको देखिएन । दफा ७३ उपदफा (७) मा कार्यपालिकाले सभाबाट स्वीकृत बजेटको सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ । गाउपालिका अध्यक्षले पालिकास्तरिय बजेट तथा योजनामा समावेश गराइ देहाय बमोजिम रु २९८५२९८।, पूजिंगत बजेटबाट बितरणमुखी र थप आर्थिक व्ययभार श्रृजना हुने प्रकृतिका कार्यमा खर्च लेखी भुक्तानी दिएको छ । यसरी खर्च गर्दा र गराउदा पालिका प्रमुख वा वडाध्यक्षको तोक आदेश अनुसार खर्च लेखिएको छ । यसप्रकार गरेको खर्च रकमलाई सभाबाट पछि एकमुष्ठरुपमा खर्च समर्थन गरेको व्यहोरा जनाइएको छ । यस प्रकार खर्च लेखिएको बितरणमुखी र थपव्ययभार श्रृजना हुने प्रकृतिको खर्चबाट पालिकालाई थप दायित्व पर्न गएको रु.

| विवरण | लागत अनुमान | नाम | सम्झौता | मिति | भुक्तानी |
|---|---|---|---|---|---|
| विभिन्न युवा क्लवहरूलाई खेलकुद सामाग्री सहयोग | ४ ०० ००० | जे.एन. ट्रेड एण्ड सप्लायर्स | ४००००० | २०८०।०६।३० | ४००००० |
| विविध खेलकुद कार्यक्रम | ५ ०० ००० | | ६०००० | | ६०००० |
| बारपाक बहुप्राविधिक शिक्षालय छात्राबास सहयोग | ८ ०० ००० | प्रिन्सिया स्टिल एण्ड आल्मुनियम | २५२६२२ | २०८०।०७।०२ | २५२६२२ |
| गाउँपालिकामा फोटा संकलन फ्रेमिङ्ग र सजावट | ५ ०० ००० | कञ्चन प्रिन्टर्स | ३७३००० | २०८०।१०।०२ | ३७३००० |
| मूर्ति निर्माण( ससर्त) | १० ०० ००० | धरान मुर्तिकला घर | १० ०० ००० | २०८१।०३।०१ | १० ०० ००० |
| शहिद दिल ब. रम्तेल पार्क एवं सङ्ग्रालय विस्तार कार्यक्रम र विविध | ५ ०० ००० | Dream photo studio | ६००००० | २०८१।०२।१३ | ६००००० |
| भित्तेलेखन | ३ ०० ००० | प्रभात आर्टस | २ ९९ ६७६ | २०८०।१२।२५ | २ ९९ ६७६ |
| जम्मा | ४०००००० | | २९८५२९८ | | २९८५२९८ |

| | |
|---|---|
| अनियमित भएको | २९,८५,२९८ |

२७ **कर तथा शुल्क असुली-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको

देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | १४६३००० | ११९२२२.७५ | ८.१५ |
| घरजग्गा वहाल कर | ७००००० | ३३६५६९.६५ | ४८.०८ |
| व्यवसाय कर | १००००० | १०५३९० | १०५.३९ |

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

२८ **नगदी रसिद प्राप्त नभएको-**

पालिकाबाट प्राप्त विवरण अनुसार निम्न राजस्व सङ्कलन केन्द्रहरूले नगदी बुझेर लगेको तर लेखापरीक्षणमा पेश हुन आएन । उक्त रसिदहरूबाट के कति आम्दानी भएको हो यकिन गर्ने आधार भएन । लेखापरीक्षण क्रममा पेस भएका नगदी रसिदहरूको लेखापरीक्षण गर्दा नगदी रसिदहरू विशेष गरी ढुङ्गा गिट्टी बालुवाको आम्दानीको लागि प्रयोग गरेको पाइयो ।नमूना छनौटको आधारमा परीक्षण गर्दा रसिद नं. ९२२५ मिति २०८०।१०।१० बाट १९० ट्रयाक्टरको रू.९००।– को दरलेरू.१,७१,०००।– राजस्व सङ्कलन गरेको पाइयो । कार्यालयबाट छानबिन गरी उक्त रसिदबाट प्राप्त रकम र सोमा जरिवाना समेत असुल गरी दाखिला गराउनुपर्दछ।

| वडा नं. | फिर्ता नआएको रसिद | | जम्मा ठेली |
|---|---|---|---|
| | र.नं. देखि | र.नं. सम्म | |
| १ | ६५१ | ७०० | १ |
| | ७०१ | ८०० | १ |
| ५ | १५१ | २०० | १ |
| | २५१ | ३०० | १ |
| | ३०१ | ३५० | १ |
| ६ | १०१५१ | १०२०० | १ |
| बारपाक स्वास्थ्य चौकी | १५१ | २०० | १ |
| | २५१ | ३०० | १ |
| ताकुमाझ लाकुरीबोट स्वास्थ्य चौकी | २०१ | २०० | १ |

२९ **राजश्व अभिलेख-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ ।यस पालिका मातहतका ८ वटा वडा कार्यालयहरू र पालिकाको राजस्व शाखा समेत ९ वटा राजस्वसङ्कलन केन्द्रबाट देहायअनुसारको रू.८९,५८,६७०।– आम्दानी प्राप्त गरेको छ ।

| संकलन केन्द्र | सफ्टवयर आम्दानी | सुत्रबाट सङ्कलन | सोझै आम्दानी | नगदी रसिद | सहिद पार्क | ल्याब | जम्मा संकलन |
|---|---|---|---|---|---|---|---|
| गाउँपालिका | २००१२०.०० | ९८६०७.०० | २७५२२१५.०० | १६१५७२.०० | ३००००.०० | १३५००४.०० | ३३७७५१७.७५ |
| वडा नं. १ | ५७२२३८.५६ | १.०० | | २११३६४.०० | | | ११९७६६७.३४ |
| वडा नं. २ | ४१४०६३.७८ | | | | | | |
| वडा नं. ३ | ६९६६१०.३८ | ११२२८.२५ | | | | | ७०७८३८.६३ |
| वडा नं.४ | ८८९८१६.२४ | १६०.०० | | २१३२६५.१६ | | | ११०३२४१.४० |
| वडा नं. ५ | ५४५६९२.५५ | १.०० | | | | | ५४५६९३.५५ |
| वडा नं. ६ | ८०६४६२.२३ | ५२०.०० | | | | | ८०६९८२.२३ |
| वडा नं. ७ | ४६८३८४.८६ | ८१३७०.०९ | | | | | ५४९७५४.९५ |
| वडा नं. ८ | ६४७४९९.६१ | २२४७४.६८ | | | | | ६६९९७४.२९ |
| जम्मा | ५२४०८८८.२१ | २१४३६१.७६ | २७५२२१५.०१ | ५८६२०१.१६ | ३००००.०० | १३५००४.०० | ८९५८६७०.१४ |

यस सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार छन्:

· कार्यालयले राजस्वको अभिलेख अद्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलीहरू छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आर्थिक वर्षको बाँकी के कति छन यकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरूमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व सङ्कलन गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरूले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ। यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असुलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो।

· पालिकाले केन्द्र र ८ वटै वडाबाट दैनिक रुपमा कर तथा दस्तुर संकलन गर्दै आएको छ । आर्थिक ऐनले तोकेको दरमा कर निर्धारण गरी असुल गर्न रेभिन्यू सफ्टवेयर प्रयोगमा ल्याएको छ । सेवाग्राहीको विवरण सफ्टवेयरमा पोस्टिङ्ग गरी कम्प्युटर विलका आधारमा रकम संकलन गर्ने र पालिका तथा वडाका कर्मचारीले नियमानुसार बैङ्कमा रू.५२,४०,८८८।२१ दाखिला गरेको पाइयो । सफ्टवेयरको सञ्चालन, परिमार्जन तथा व्यवस्थापन सेवा प्रदायक कम्पनीले मात्र गर्ने, पालिकाको प्रणालीमा नियन्त्रण नहुने, पालिकालाई Admin User पनि उपलब्ध नगराएको कारणले सेवा प्रदायकले रकम कलममा हेरफेर गरेमा पत्ता लगाउने नियन्त्रण व्यवस्था कायम नहुने जस्ता कार्यले आन्तरिक आय संकलन र लेखाङ्कनमा आन्तरिक नियन्त्रण प्रणाली विश्वस्त र भरपर्दो देखिएन। सफ्टवेयरबाट दैनिक भएको आम्दानीको जम्मा कर्ता सेवाग्राही, कार्य, जम्मा रकम समेत देखिने दैनिक विवरण तयार गरी सोही आधारमा साप्ताहिक, मासिक र वार्षिक विवरण तयार गर्नुपर्नेमा बैङ्क दाखिला भौचर मात्र संकलन गरी आर्थिक प्रशासन शाखाले आम्दानी बाँधी संकलन भएको आम्दानी लेखाङ्कन भए नभएको विश्वस्त हुने आधार देखिएन। आय संकलन, लेखाङ्कन तथा प्रतिवेदन प्रणालीलाई थप पारदर्शी तथा सुदृढ गरी आय व्यवस्थापन प्रभावकारी बनाउनु पर्दछ।

· २०८०।४।१ बाट राजश्व संकलनमा समेत महालेखा नियन्त्रक कार्यालयको सुत्र नै प्रयोगमा ल्याइएकोमा यो वर्ष उक्त सफ्टवेयरबाट रू.२,१४,३६१।७६ राजस्व प्राप्त गरेकोमाबैङ्क दाखिला रू.१,२९,०५७।४० मध्ये रू.९८,५८६।७४ भेरिफाइड भएको र रू.३०,४७०।६८ भेरिफाइड हुन बाँकी देखाएको सम्बन्धमा यकिन हुनुपर्दछ । लेखापरीक्षण अवधिसम्म पनि सुत्रबाट पूर्ण रुपमा राजस्व सङ्कलन गर्न नसकेको कारणसबै प्रकारका डाटाहरू लिन¸ प्रशोधन गर्न र विश्लेषण गर्न लगायतका कार्यका लागि हाल पनि उक्त बिक्रेता कम्पनीकै भर पर्नु पर्ने अवस्था विद्यमान रहेको देखियो।

| सङ्कलन केन्द्र | सुत्रबाट सङ्कलन | बैङ्क दाखिला | भेरिफाइड | भेरिफाइड हुन बाँकी |
|---|---|---|---|---|
| गाउँपालिका | ९८६०६.७४ | ९८६०६.७४ | ९७९०६.७४ | ७००.०० |
| वडा नं. १ | १.०० | १.०० | ०.०० | १.०० |
| वडा नं. २ | ०.०० | ०.०० | ०.०० | ०.०० |
| वडा नं. ३ | ११२२८.२५ | १०.०० | ०.०० | १०.०० |
| वडा नं. ४ | १६०.०० | १६०.०० | १६०.०० | ०.०० |
| वडा नं. ५ | १.०० | १.०० | ०.०० | १.०० |
| वडा नं. ६ | ५२०.०० | ५२०.०० | ५२०.०० | ०.०० |
| वडा नं. ७ | ८१३७०.०९ | ७२८४.०० | ०.०० | ७२८४.०० |
| वडा नं. ८ | २२४७४.६८ | २२४७४.६८ | ०.०० | २२४७४.६८ |
| जम्मा | २१४३६१.८० | १२९०५७.४० | ९८५८६.७४ | ३०४७०.६८ |

· त्यसैगरी पालिका र मातहतका ८ राजस्व सङ्कलन केन्द्रहरूले सफ्टवेयर नचलेको अवधिमा सेवाग्राहीलाई छिटो छरितो सेवा प्रवाहको लागि भनी विशेष गरी ढुङ्गा गिट्टी बालुवाको राजस्व हार्डकपी नगदी रसिद समेत प्रयोगमा ल्याइएको पाइयो । यसप्रकार प्रयोग गरिएका हार्डकपी नगदी रसिदको आम्दानी कतिपय केन्द्रले पालिकामा नबुझाएको देखिन आयो । हार्डकपी नगदी रसिद मार्फत गरेको आम्दानी र दाखिला सम्बन्धमा समेत यर्थाथता यकिन गरिनुपर्दछ ।

३० **राजश्व बाँडफाँट** –

प्रदेश सरकारको आर्थिक ऐन, २०८० को दफा ८(६) मा सम्बन्धित स्थानीय तहले ढुङ्गा, गिट्टी, बालुवा, माटो दहत्तर, बहत्तर शुल्कको चालीस प्रतिशत रकम प्रदेश सञ्चितकोषमा दाखिला गर्नु पर्ने व्यवस्था रहेको छ। पालिकाले निम्नानुसार ढुङ्गा, गिट्टी, बालुवा, माटो दहत्तर बहत्तरको शुल्कको ४० प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला नगरेकोमा प्रदेश कानुनको प्रावधान बमोजिम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

| **आय शीर्षक** | **सङ्कलन केन्द्र** | **संकलित रकम** | **पठाउन बाँकी रकम** |
|---|---|---|---|
| अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी | वडा नं. १ र २ | २११३६४ | ८४५४५.६० |
| अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी | वडा नं. ४ | २१३२६५ | ८५३०६ |
| | **जम्मा** | **४२४८९९** | **१६९८५१.६०** |

३१ **जिन्सी सम्पत्तिको लेखाङ्कन र अभिलेख-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ र नियमावली २०७७ को नियम ७८ तथा परिच्छेद १० मा सरकारी सम्पत्तिको लेखाङ्कन, प्रतिवेदन तथा जिम्मा लगत र संरक्षण सम्बन्धमा प्रावधान उल्लेख रहेका छन्। पालिकाले नियमानुसार गर्नुपर्ने जिन्सी निरिक्षण यो वर्ष गरेको छैन । पालिका मातहत रहेका ८ वडा कार्यालयहरू र विभिन्न संस्थाहरूले खरिद गरेका जिन्सी मालवस्तु तथा सम्पत्तिको लेखाङ्कन पालिकाले गर्ने गरेको पाइएन ।साथै पालिकाका विषयगत शाखाहरूमा खरिद गरिने केही आंशिक मालसमान मात्र पालिकाको जिन्सी खातामा (PAMS) मा आम्दानी बाँध्ने गरेको व्यहोरा जानकारी प्राप्त भयो । पालिका र मातहतका निकाय तथा शाखाहरूमा रहेका सम्पूर्ण जिन्सी मालवस्तु तथा सम्पत्तिको एकिकृत अभिलेख अद्यावधिक गरेको नपाइदा जिन्सी सम्पत्तिको आन्तरिक नियन्त्रण कमजोर रहेको देखियो । यसमा पालिकाले ध्यान दिई सुधार गर्नुपर्दछ ।

३२ **मेशिन तथा उपकरणको खर्च र आम्दानी-**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने, दफा १९ मा आफ्नो कार्यालय तथा मातहत कार्यालयको लागि स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च नभएमा त्यसको जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने र बिनियोजन ऐन वा अन्य ऐन बमोजिम स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रही बजेट कार्यान्वयन गर्ने कर्तव्य सम्बन्धित लेखा उत्तरदायी अधिकृत र मातहतका जिम्मेवार व्यक्तिको हुने उल्लेख छ । नियमावली, २०७७ को नियम ३९ उपनियम (१० ) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल,भरपाई र कागजात संलग्न भए वा नभएको संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ। पालिकामा गत तथा बिगत वर्षहरूमा खरिद तथा प्राप्त भएका देहायका मेशिन, उपकरण तथा सवारी साधनहरू यो वर्ष सञ्चालन गर्दा निम्नानुसार रु ५५६०४६८। खर्च भएको र उक्त साधनहरूबाट वार्षिक रुपमा रु शुन्य अर्थात खर्चको तुलनामा शुन्य % मात्र आम्दानी भएको विवरण प्राप्त भएको छ ।यस प्रकार भएको खर्च र आम्दानीलाई स्वभाविक रुपमा भएको कारोबार भन्न मिल्ने नदेखिएको हुदा यस सम्बन्धमा सम्बन्धित पक्षको ध्यान जानु पर्ने देखिन्छ।

| क्र.सं. | सवारीको नाम | सवारी नं. | बार्षिक मर्मत | बार्षिक ईन्धन | चालक पारिश्रमिक | सहचालक पारिश्रमिक | जम्मा खर्च | वार्षिक राजश्व संकलन |
|---|---|---|---|---|---|---|---|---|
| 1 | ब्याक हो लोडर | २२० | १४५०९८७ | १०८४८२३ | ७०४१०६ | ३०१२२४ | ३५४११४० | ० |
| 2 | टिपर | २४९ | ४३०६०७ | १०८४८२३ | ५०३८९८ | ० | २०१९३२८ | ० |
| | जम्मा | | १८८१५९४ | २१६९६४६ | १२०८००४ | ३०१२२४ | ५५६०४६८ | ० |

## ३३ सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ ।

## ३४ एम्बुलेन्सको आय-व्यय-

पालिकाले आफ्नो नाममा रहेको मेशिनहरूको उपयोग तथा दीगो व्यवस्थापनको लागि कार्यविधि तयार गरी व्यवस्थित तरिकाले सञ्चालन गर्नुपर्दछ। पालिका र अन्तर्गत निम्नानुसार स्वास्थ्य चौकीमा ६ एम्बुलेन्स सञ्चालनमा रहेको छ । ती साधनहरू पालिकाको कार्यमा र समय समयमा अन्यत्र भाडामा समेत प्रयोग हुने गरेको भए तापनि पालिकाले सञ्चालन सम्बन्धी व्यवस्थित अभिलेख राखी आम्दानी असुल गरेको छैन । एम्बुलेन्स सञ्चालन भएको समय, ईन्धन खर्च खुल्ने लगसिट तथा आम्दानीको व्यवस्थित अभिलेख राख्ने नगरेबाट यी साधनहरूको सञ्चालन आय तथा व्यय अवस्था यकिन गर्न सक्ने अवश्था रहेन । व्यवस्थित तरिकाले एम्बुलेन्स सञ्चालन गरी सोबाट प्राप्त हुने आय पालिकाको खातामा जम्मा भएको सुनिश्चित हुने प्रणाली विकास गर्नुपर्दछ।

| क्र.सं. | स्वामित्व रहेको संस्था | एम्बुलेन्सको सवारी नं. |
|---|---|---|
| १. | शहिद प्रेम ढकाल स्मृती आधारभूत अस्पताल | बा १५६२ |
| २. | ताकुमाझ लाकुरीबोट स्वास्थ्य चौकी | ग३च६११९२ |
| ३. | गोरखा भारतीय भू.पू. सैनिक सङ्गठन नेपाल | ग२च९७३० |
| ४. | पाँचखुवा देउराली एम्बुलेन्स समिति | ग१झ३९४ |
| ५. | बारपाक स्वास्थ्य चौकी | ग२च३९९१ |
| ६. | सौरपानी स्वास्थ्य चौकी | ग१झ३६३ |

## ३५ जिम्मेवारी फरक पारी अ.ल्या. गरेको-

जिम्मेवारी फरक पारी अ.ल्या. गरेको : कार्यालयले यो वर्ष देहाय अनुसार सञ्चित कोष खाता र बिभाज्य कोष खातामा कायम गरेको शुरु मौज्दात रकम बैंकमा रहेको मौज्दात रकम भन्दा निम्नानुसार घटी जिम्मेवारी सारेको व्यहोरा पालिकाले लेखापरीक्षणको लागि पेश गरेको एकिकृत आय व्यय विवरणबाट देखियो। यसरी घटी जिम्मेवारी अ. ल्या. गरी फरक परेको सम्बन्धमा बैंक हिसाब मिलान विवरण तयार गरी यथार्थता यकिन गर्नुपर्नेमा गरेको नदेखिएकोले यकिन गर्नुपर्ने रु

| सि नं | विवरण | बैंक स्टेटमेण्ट अनुसार बाँकी मौज्दात | योवर्ष जिम्मेवारी सारेको मौज्दात | फरक रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | बिबिध खर्च खाता | ७३७१६०९।५० | ७२९२७५९।५० | ७८८५० | घटी मौज्दात अ ल्या सारेको |
| २ | बिभाज्य कोष खाता | २७६२०४५ | ० | २७६२०४५ | |
| | जम्मा | | | २८४०८९५ | |

| प्रमाण पेश नगरेको | २८,४०,८९५ |
|---|---|

३६ **आय अनुमान -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.७६,५०,०००।– (राजस्व बाँडफाँड बाहेक) प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.८९,५८,६७०।– अर्थात अनुमान भन्दा १७.१० प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

३७ **अधुरो ठेक्का-**

निर्माण व्यवसायी ले ठेक्का सम्झौतामा तोकिएबमोजिम निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।राडग्रु देखि पोखरी हुदै रामचोक सम्मको वाटो स्तरोन्नति गर्ने कार्यका निर्माण व्यवसायी स्यवम्भु कन्सट्रक्सन प्रा.लि. संग रु ८१,८८,१८०/- को ठेक्का सम्झौता २०८० पौष २५ मा भई कार्यसम्पन्न अवधि २०८१ असाढ २० सम्म तोकिएको छ । निर्माण व्यवसायीले उक्त अवधिमा रु ६२,९९,५३५/- को मात्र कार्य गरी गो.भौ.नं २,३ र २६७ सम्झौतामा मिति २०८१/३/२४ मा प्रथम रनिङ विल वापत निर्माण व्यवसायीलाई कार्यालयले भुक्तानी गरेको छ । निर्माण व्यवसायीलाई वर्षाको कारण मिति उल्लेख गरी २०८१/२/१० को मिति उल्लेख गरी म्याद थपको लागि दिएको निवेदन कार्यालयमा दर्ता समेत भएको पाइएन ।लेखापरीक्षण अवधि २०८१/८/११ सम्म उक्त ठेक्काको नियमानुसार म्याद थप भएको र निर्माण व्यवसायीले थप कार्य गरेको व्यहोरा देखिन आएन । यसप्रकार अधुरो रहेको निर्माण कार्य निर्माण व्यवसायीबाट सार्वजनिक खरिद नियमावली २०६४ को नियम २१ बमोजिम लाग्ने पुर्वनिर्धारित क्षतिपुर्ति असुल गरी यथाशिघ्र सम्पन्न गर्नुपर्ने दिखिन्छ ।

३८ **दरबन्दी बाहिरको कर्मचारी करार-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ। पालिकाले माथि उल्लेखित पद बाहेकको विभिन्न पदमा १४ जना करार नियुक्ति गरी वर्षभरीमा रु.२८,४६,६००।-भुक्तानी गरेको अनियमित देखिएको रु.

| सि.नं. | कर्मचारीको नाम | पद | वार्षिक तलब |
|---|---|---|---|
| १ | प्रेम कुमार गुरुङ | अमिन | ३३५००० |
| २ | शोभना बराम | सहजकर्ता (सा.प) | २३१००० |
| ३ | कुमारी बरामु | स.क.अ. | २३१००० |
| ४ | सरिता श्रेष्ठ | म.सा.प. | १४९१०० |
| ५ | दिपक ढकाल | स.क.अ. | २३१००० |
| ६ | यमुना भट्ट | म.सा.प. | १४९१०० |
| ७ | कमला देवी राना | म.सा.प. | १४९१०० |
| ८ | नमुना कुमाल | स.क.अ. | २३१००० |
| ९ | दुर्गा गुरुङ | स.क.अ. | २३१००० |
| १० | सिता गुरुङ | म.सा.प. | १४९१०० |
| ११ | संगीता गुरुङ | स.क.अ. | २३१००० |
| १२ | बाल कुमारी गुरुङ | म.सा.प. | १४९१०० |
| १३ | सुवास रम्तेल | स.क.अ. | २३१००० |
| १४ | इन्दिरा भट्ट | म.सा.प. | १४९१०० |
| | | जम्मा | २८४६६०० |

| | |
|---|---|
| अनियमित भएको | २८,४६,६०० |

३९ **पेश्की वाँकी विवरण-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विबरण अनुसार निम्न व्यक्ति तथा संस्थाले देहाय बमोजिम लिएको म्याद ननाघेको रु.९७,३३,७५०। मोबिलाईजेशन लगायत अन्य पेश्की आर्थिक वर्षको अन्त्य सम्ममा पनि फछ्र्यौट नभई बाँकी रहेको देखिएको हुँदा नियमानुसार फस्यौंट हुनु पर्दछ ।

| क्र.सं. | पेश्कीको विवरण | पेश्की लिनेको नाम | चालु आ. व. | | गत आ. व.सम्मको | जम्मा बाँकी पेश्की | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | म्याद ननाघेको | म्याद नाघेको | म्याद नाघेको | म्याद ननाघेको | म्याद नाघेको | जम्मा |
| १ | ठेकेदार | | | | | ० | ० | ० |
| १ | ढोडेनी सौरपानी सडक स्तरउन्नति (क्रमागत) | के.डि. श्री न्यु गोर्खा जे.भी. | ० | ० | ४००००० | ४००००० | ० | ४००००० |
| २ | राम्चे तिनखंडे सडक स्तरोन्नति-८(क्रमागत) | प्रगति निर्माण सेवा | ४३४००० | | ० | ४३४००० | ० | ४३४००० |
| ३ | चौरचाँडा आपँस्वाँरा पिपलडाँडा सडक स्तरोन्नति-५ (क्रमागत) | प्रगति निर्माण सेवा | ३५०००० | | ० | ३५०००० | ० | ३५०००० |
| ४ | झाक्रीचोक देउराली सडक-७(मागत) | प्रगति निर्माण सेवा | ४०९५०० | | ० | ४०९५०० | ० | ४०९५०० |
| ५ | ढोडेनी सौरपानी सडक (क्रमागत) | हरिततारा– रिद्धिमा जे.भी. | ३४५०००० | | ० | ३४५०००० | ० | ३४५०००० |
| ६ | राङरुङ्ग- पोखरी- रन्चोक सडक स्तरोन्नती योजना | स्वयम्भू कन्स्ट्रक्सन प्रा.लि. | ३००००० | | ० | ३००००० | ० | ३००००० |
| ७ | ढोडेनी सौरपानी सडक | हरिततारा– रिद्धिमा जे.भी. | ३४५०००० | | ० | ३४५०००० | ० | ३४५०००० |
| ३ | संस्थागत | | | | | ० | ० | ० |
| १ | जग्गाप्राप्ति खर्च शिव प्रावि | श्री शिव आधारभुत विद्यालय | ० | ० | २००००० | २००००० | ० | २००००० |
| ४ | व्यक्तिगत | | | | | ० | ० | ० |
| १ | खेलकुद मैदान खरिद | बल बहादुर सार्कि | ० | ० | २०००० | २०००० | ० | २०००० |
| २ | खेलकुद मैदान खरिद | श्याम बहदुर गुरुङ | ० | ० | ४०००० | ४०००० | ० | ४०००० |
| ३ | खेलकुद मैदान खरिद | शंशरी सार्कि | ० | ० | ३०७५० | ३०७५० | ० | ३०७५० |
| ४ | जग्गा विकासकार्य | सन्त बहादर गुरुङ | ० | ० | १९५००० | १९५००० | ० | १९५००० |
| ५ | जग्गा प्राप्ति | सुरेन जोशी | ० | ० | ८७५०० | ८७५०० | ० | ८७५०० |
| ६ | खेलकुद मैदान खरिद | सिता सार्कि | ० | ० | १४३००० | १४३००० | ० | १४३००० |
| ७ | जग्गा प्राप्ति | सिता सार्कि | ० | ० | १००००० | १००००० | ० | १००००० |
| ८ | जग्गा विकासकार्य | हर्क बहादुर गुरुङ | ० | ० | १२४००० | १२४००० | ० | १२४००० |
| | | जम्मा | ८३९३५०० | | १३४०२५० | ९७३३७५० | | ९७३३७५० |

४० **व्यवसाय कर-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.३३,८५०।- कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अद्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

४१ **नन्फाइलर-**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु.१२८८४।९७ समेत रु.१,१२,०००।०१ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरू कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेस हुनुपर्ने रु.

| **गोभौनं./मिति** | **भुक्तानी पाउनेको नाम** | **प्यान नं.** | **भुक्तानी रकम** | **मुअकर कर रकम** | **नन्फाइलर रहेको मिति** |
|---|---|---|---|---|---|
| ९।२०८१।३।२२ | ग्रिन फार्म पोल्ट्री कम्पनी | ६०९८९४९९२ | ११२००० | १२८८४।९७ | २०८०।T।२ |
| | | | | प्रमाण पेश नगरेको | १२,८८४.९७ |

४२ **राजस्व ढिला दाखिला-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तदायित्व ऐन, २०७६ को दफा २८मा आफ्नो जिम्मा आएको सरकारी नगदी सोही दिन वा सोको भोलिपल्ट यथास्थानमा दाखिला गर्नुपर्ने र मनासिव माफिकको कारणले दाखिला गर्न नसकिने भए कारण खुलाई एक तह माथिको अधिकारी समक्ष म्यादथप माग गर्न सक्ने र तोकिएको समयमा दाखिला नगरेमा दाखिला गर्न बाँकी रकमको १० प्रतिशत जरिवाना गरी कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिमको कारवाही गर्नुपर्ने उल्लेख रहेको छ । यो वर्ष पालिका र मातहतका ८ वटा वडा कार्यालयहरूले देहाय बमोजिम रू.८९,५८,६७०।१४ नगद आम्दानी गरेकोमा उक्त अवधि भन्दा धेरै ढिला हुनेगरी कतिपयले महिनाको एकपटक एकमुष्ठ रुपमा प्राप्त नगद आम्दानी रकम पालिकाको बैङ्क खातामा दाखिला गर्ने गरेको पाइयो। यसप्रकार वडाहरूबाट ढिला गरी दाखिला गर्ने गरेकोमा पालिकाले उक्त कानुन बमोजिम लाग्ने जरिवाना रकम समेत असुल गरेको छैन। यसमा पालिकाको ध्यान गई कानुन बमोजिम सुधार हुनुपर्छ।

| संकलन केन्द्र | वर्षभरिमा दाखिला रकम | |
|---|---|---|
| | पटक | रकम |
| गाउँपालिका | ७६ | ३००३९४२ |
| वडा नं. १ | ६ | ८८७३८० |
| वडा नं. २ | ६ | ५१६८६४ |
| वडा नं. ३ | ७ | ७१८५८८ |
| वडा नं. ४ | १५ | ९७६२९२ |
| वडा नं. ५ | ११ | ६९२५४२ |
| वडा नं. ६ | ८ | ९१९३३२ |
| वडा नं. ७ | ५ | ५४९७५७ |
| वडा नं. ८ | ६ | ६९३९७५ |
| जम्मा | | ८९५८६७० |

## ४३ कर दायित्व-

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,२५६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

## ४४ ढुंगा, गिट्टी, बालुवाको राजस्वः -

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१२,४७२.८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **३,३९१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,३०८.३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२४,३३४.४४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२५,८५६.३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१२,९३४.४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,६०२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **३,०६०.२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

## ४५ डीपीआर अध्ययन-

कार्यालयले यो वर्ष देहाय अनुसार २ वटा डिपिआरको अध्ययन कार्य गराई रु १०लाख ५० हजार खर्च लेखेको छ ।

| क्र.सं. | डिपिआरको विवरण | डिपिआर गर्ने कम्पनी | लागत अनुमान | सम्झौता | भुक्तानी |
|---|---|---|---|---|---|
| १. | Tourist Foot trail DPR study | टान | ८००००० | ८००००० | ८,००,००० |
| २ | बाह्रमुले मन्दिर डि.पी.आर-३ | Gatishil Engineering services private limited | २,५०,००० | २,५०,००० | २,५०,००० |
| | जम्मा | | | | १०५०००० |

उपरोक्त अनुसारको खरिदको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् ।

- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९ मा लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने कुराहरू उल्लेख गरिएको छ । कार्यालयले उपरोक्त बमोजिम अध्ययन कार्य गर्दा र गराउँदा लागत अनुमान तयार गरी स्वीकृत गरेको छ। यसरी लागत अनुमान

तयार गर्दा सम्बन्धित कामको लागि वास्तविक रुपमा चाहिने कामको परिमाण र दर विश्लेषण गरेर गर्नुपर्नेमा सो नगरी स्वीकृत बजेटको आधारमा परिमाण कायम गरी लागत अनुमान तयार गरिएको छ । उक्त अध्ययनको लागि चाहिने वास्तविक दक्ष र सपोर्ट जनशक्तिको आवश्यक्ता भन्दा पनि बजेटले भ्याउने सम्मको दक्ष र सपोर्टका जनशक्ति राखि सो आधारमा लागत अनुमान तयार गरी स्वीकृत गरिएको छ । यसरी तयार भएको लागत अनुमानलाई वास्तविक र यथार्थतामा आधारित भई तयार गरेको भन्न मिल्ने देखिएन।

- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३, मा खरिद कारवाहीको तयारी, आवश्यकता विश्लेषण, नियम ७ र ८ मा खरिदको गुरुयोजना, खरिद योजना,खरिदको प्याकेज र खरिदका विधि आदि सम्बन्धमा उल्लेख छ । कार्यालयले उपरोक्त अनुसार २ वटा अध्ययनको कार्य गराउदा आवश्यकताको विश्लेषण गरेको देखिएन। पालिकाको बजेट र कार्याक्रम समावेश गरी स्वीकृत गरेको आधारमा मात्र अध्ययनको कार्य गरेको देखिदा उक्त लगानीको दीगो उपयोगको सुनिश्चितता हुने देखिएन ।
- **न्यून प्रतिस्पर्धा :** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ मा खरिदका विधिहरूको उल्लेख छ । कार्यालयले उपरोक्त बमोजिम डिपिआरको अध्ययन कार्य गराउदा एकमा ३ वटा पत्र मार्फत सोझै र खुला रुपमा दरभाउ पत्र लिएर र रु १० लाखको उक्त कार्यमा निज एकजनासंग सोझै दरसमेत नलिइ छनौट गरेको छ ।यसरी गरेको खरिद कार्य स्वच्छ प्रतिस्पर्धा र पारदर्शी भयो भन्न मिल्ने देखिएन ।
- अभिलेखिकरण र सञ्चालन : कार्यालयले विगतमा र हाल कार्यालयमा विकास र जडान सफ्टवेयरहरू र अध्ययनका प्रतिवेदनहरूको व्यवस्थित अभिलेखिकरण गरेको देखिएन ।त्यसैगरी Tourist Foot trail DPR study अध्ययन प्रतिवेदन लेखा परीक्षण अवधि सम्म कार्यान्वियनमा गइसकेको देखएन ।

४६ **टुक्रा गरेर खरिदः -**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (१) मा खरिद गर्दा अपनाउनु पर्ने खरिदका बिधिहरू र उपदफा (२) मा खरिद गर्दा टुक्रा पारेर खरिद गर्न नहुने उल्लेख छ।त्यसैगरी नियमावली, २०६४ को नियम ८ मा खरिदको योजना बनाउनु पर्ने र उपनियम १ खण्ड (ख) मा खरिदको सम्भावित प्याकेज सम्बन्धमा उल्लेख छ।पालिकाले देहाय बमोजिमको खरिद कार्य गर्दा खरिदको एकमुष्ठ प्याकेज बनाई लागत अनुमान तयार गरेर ठेक्का व्यवस्थापन मार्फत गराउनु पर्नेमा एउटै प्रकृतिका कार्यहरू समेत छुट्टाछुट्टै रुपमा सोझै वा ३ वटा खुला दरभाउपत्र लिइ खरिद गराउने गरेको देखियो । यसबाट खरिद कार्य व्यवस्थित, कानुन सम्मत, मितव्ययी र प्रतिस्पर्धी रुपमा भयो भन्न सकिने अवस्था रहेन । तसर्थ कानुको पालना गरी मितव्ययी र प्रतिस्पर्धी रूमा खरिद गरिनुपर्दछ । यसका केही उदाहरण निम्नानुसार छन् ।

| योजना/कामको विवरण | लागत अनुमान | निर्माण व्यवसायी/आपुर्तिकर्ता/सेवा प्रदायक | | | सम्पन्न काम | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| | | नाम | सम्झौता रकम | घटी प्रतिशत | रकम | |
| ३ नं वडा कार्यालय मर्मत ( ३ नं. वडा) | ९९९९३५ | Pandrung Construction And Suppliers Pvt. Ltd. | ९९५९८२ | ०.४०% | ९९३४४५ | ९९३४४५ |
| ४ नं वडा कार्यालय मर्मत ( ४ नं. वडा) | ४९९६८८ | Naj Construction | ४९३९४० | १.१५% | ४९२३०६ | ४९२३०६ |
| देबी देउराली पार्क -७ (७ नं. वडा) | ४८२०८१ | Ronak Suppliers And Construction Pvt. Ltd. | ४७२९६१ | १.८९% | ४६०२९६ | ४६०२९६ |
| वडा कार्यालय घेराबार तथा मर्मत सम्भार (८ नं. वडा) | ४००१९३ | Stul Construction Pvt. Ltd. | ३८८०४० | ३.०४% | ३८२६१७ | ३८२६१७ |
| जम्मा रकम मु अ कर सहित | २३८१८९७ | | २३५०९२३ | | २३२८६६४ | २३२८६६४ |

४७ **धरौटी कट्टा नगरेको-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२३,०१४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४८ **प्रमाण र पुष्ट्याइ-**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्ने र उपनियम (९) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाइ र कागजात संलग्न भए नभएको तथासंलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने प्रावधान रहेको छ । कार्यालयले देहायका गोश्वारा भौचर र मितिबाट निम्नानुसारको रकम भुक्तानी दिइ खर्च लेखेको छ। तर उक्त रकमबाट सम्बन्धित कार्य भएको प्राविधिक पुष्ट्याई र नापी किताब सहितका बिल भरपाई र प्रमाण पेश हुन आएको नदेखिएकोले पेश हुनुपर्ने रु

| खरिद विवरण | आपुर्ति कर्ता | गौश्वरा भौ नं | लागत अनुमान | खरिद बिधि | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| पाइप खरिद | चितवन पोली पाइप इण्ड्रस्ट्रिज | १७५।०८१।२।३२ | ४९९३३३ | दरभाउपत्र | ४९०९२८ |
| जम्मा | | | | | ४,९०,९२८ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **४९०,२८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९०,९२८ |

४९ **खरिद टुक्राएको-**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु. ५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु. २० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । सोभैखरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासिंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ ।पालिकाले यो वर्ष करिव १८ बिक्रेताबाट रु.७९,३०,४१४।- रकम बराबरको बिभिन्न बस्तु, सामाग्री तथा निर्माण सामाग्री खरिद गरी बिक्रेतालाई भुक्तानी गरेको विवरण जिन्सी शाखाको PAMSबाट प्राप्त भएको छ । यसरी यो वर्ष पूँजीगत तथा चालु किसिमका सामान खरिद गर्दा अधिकांश खरिद सोझै तथा ३ वटासँग दर माग गरी पटक पटक खरिद गरिएको पाइयो । कार्यालयले वार्षिक खरिद योजना बनाई सोही बमोजिम स्वीकृत कार्यक्रम अनुसार खरिदको प्याकेज बनाई प्याकेज अनुसार एकमुष्ठ रुपमा खरिद कार्यहरू गर्नुपर्नेमा सो बमोजिम गरेको छैन । वर्ष भरिमा कुन कुन मालवस्तु के कति परिमाणमा के कति मूल्यको खरिद भयो एकमुष्ट अभिलेख अद्यावधिक नगरेबाट यकिन गर्न सकिएन । उदाहरणको लागि निम्न खरिदलाई लिन सकिन्छ।

| क्र.सं. | आपूर्तिकर्ताको नाम | कारोबार संख्या | भुक्तानी रकम |
|---|---|---|---|
| १ | अकिरा ट्रेडर्स | १ | ९९२५०० |
| २ | चितवन पोलि पाइप इण्डष्ट्रिज | १ | ५०००० |
| ३ | ड्रिम फोटो स्टुडियो | १ | ६००००० |
| ४ | ग्रिन फार्म पोल्ट्री | १ | ७९२००० |
| ५ | इन्फो टेक | १ | १६७६९२ |
| ६ | इन्फोटेक सप्लायर्स | २ | २०५००० |
| ७ | एमआरवि प्रा. लि . | १ | १४१८८० |
| ८ | शिव शक्ति मेशनिरी एण्ड सप्लायर्स | १ | ५००००० |
| ९ | श्रीनाथ मेडिसिन डिष्ट्रिव्यूटर्स | १ | ५७०००० |
| १० | आमा टेड्रिङ्ग | १ | ३५५९५० |
| ११ | कञ्चन प्रिन्टर्स | १ | ३७३००० |
| १२ | जे.एन. ट्रेड एण्ड सप्लायर्स | १ | ४००००० |
| १३ | प्रिन्सिया स्टिल एण्ड आल्मुनियम | १ | २५२६२२ |
| १४ | मनासलु अफसेट प्रेस एण्ड सप्लायर्स | १ | ५६३४७० |
| १५ | राना फर्निचर | १ | २४९६०० |
| १६ | शभेक्षा इण्ड्रष्ट्री प्रा.लि. | १ | १३०५०० |
| १७ | शुभ मंगलम फर्निचर्स | १ | ८३६२०० |
| १८ | हिमालय अफसेट | १ | ३००००० |
| १९ | राना र पवित्रा फर्निचर | १ | ३७२००० |
| २० | कालिका भाडा पसल | १ | १४८०० |
| २१ | सि मि स इण्टरप्राइजेज | १ | ५०९९१ |
| २२ | प्रविशा एशोसरिज | १ | १६०६७० |
| २३ | लक्ष्मी फर्निचर शोरुम | १ | ७९६१७५ |
| २४ | नारायणी फर्नीचर | १ | १००००० |
| जम्मा | | | ९४२५०५० |

५० **सोझै खरिद-**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा रु. १० लाख सम्मको लागत अनुमान भएको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सकिने, नियम ८४ मा रु. २० लाख सम्म लागत अनुमान भएको मालसामान तथा निर्माण कार्य सिलबन्दी दरभाउपत्रमार्फत खरिद गर्नुपर्ने र नियम ३१ मा रु.२० लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्र मार्फत खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले एकै प्रकृतिको सामग्री पटक-पटक गरी खरिद गरेको देखिन्छ। यसबाट खरिद पक्रियामा प्रतिस्पर्धा एवं पारदर्शिता सीमित हुन जान्छ । एकै प्रकृतिका सामग्रीहरूको प्याकेज तयार गरी

प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्नेमा सोझै खरिद गरेको नियमसम्मत नदेखिएको रु.

| क्र.सं. | भौ.नं. | मिति | आपूर्तिकर्ता | सामग्री | रकम (रु.) |
|---|---|---|---|---|---|
| १ | २७० | २०८०।९।३ | पवित्र फर्निचर शोरुम | फर्निचर सामग्री | ३०९३४५ |
| २ | २७० | २०८०।९।३ | शुभ मंगल फर्निचर शोरुम | फर्निचर सामग्री | ९०९२८ |
| ३ | २६ | २०८०।०९।५ | राना फर्निचर स्टोर्स | फर्निचर सामग्री | ११६०५१ |
| ४ | २०५ | २०८१।३।१७ | राना फर्निचर स्टोर्स | फर्निचर सामग्री | ५९५१९३ |
| ५ | ६६७ | २०८१।२।१७ | राना फर्निचर स्टोर्स | फर्निचर सामग्री | ५०००० |
| ६ | ७६६ | २०८१।३।६ | राना फर्निचर स्टोर्स | फर्निचर सामग्री | ११२८८७ |
| ७ | ७१ | २०८१।३।२१ | लक्ष्मी फर्निचर शोरुम | फर्निचर सामग्री | ६९५६५ |
| ८ | ७२ | २०८१।३।२१ | लक्ष्मी फर्निचर शोरुम | फर्निचर सामग्री | ७९६१७५ |
| ९ | ९४७ | २०८१।३।२२ | राना फर्निचर स्टोर्स | फर्निचर सामग्री | १०९७७१ |
| १० | २५ | २०८१।३।२३ | राना फर्निचर स्टोर्स | फर्निचर सामग्री | २८२०४८ |
| जम्मा | | | | | २५३१९६२ |

| | |
|---|---|
| अनियमित भएको | २५,३१,९६२ |

५१ **सामुदायिक भवन निर्माण-**

पालिकाले योवर्ष बिभिन्न वडाहरूमा सामुदायिक भवनहरू निर्माण गरेकोमा निजी जग्गा वा समूह/संस्थाको नाममा रहेको जग्गामा बनाएको हो खुल्दैन । अधिकांश भवनहरू समूह/संस्थाको नाममा रहेको जग्गामा बनाईएको व्यहोरा लेखापरीक्षणको क्रममा जनाइएता पनि सम्झौता साथ जग्गाको लालपुर्जा राख्ने गरेको नदेखिएबाट यकिन हुन सकेन । यसमा सुधार हुनु पर्दछ । यसका केही उदाहरण निम्न छन् ।

| भौ.नं. | मिति | उपभोक्तासमिति | मूल्याङ्कनरकम (रु.) | जम्माभुक्तानी |
|---|---|---|---|---|
| १२२ | २०८१।०१।२६ | कुलगाउँसामुदायिक भवन ४ उपभोक्ता समिति | ४०८६४५.५८ | ३६०५५२ |
| १२४ | २०८०।२।६ | स्वारासामुदायिक भवन | ३१८०२१ | २८४९५४ |
| १२६ | २०८०।२।६ | गुर्धुमसामुदायिक अधुरो भवन | ३३२९२४.५९ | २८५४५० |
| १२९ | २०८१।०२।०७ | लायगाउँसामुदायिक भवन शौचालय निर्माण | १६५१९९.२२ | १४४००० |
| १८१ | २०८१।३।११ | सत्यवचनप्रमेश्वरी मार्ग दर्शन सामुदायिक भवन निर्माण | ४२२८२९.८१ | ३७८३७५ |

५२ **दिल बहादुर रम्तेल पार्क-**

२०८०।१२।२५ को गाउकार्यपालिकाको बैठक नं ६ मा रम्तेल पार्कलाई प्राप्त बजेट विभिन्न क्रियाकलापमा बाँडफाँड गरिएको देखिन्छ । यस बजेटबाट केही कार्यहरू सो कृयाकलापसँग असम्बन्धित शिर्षकमा हुनेगरी रकम खर्च गरेको देखिन्छ । यसरी निर्णय र बजेट छुट्टियको शिर्षक भन्दा फरक कार्यमा गरिएको खर्च र भुक्तानी लाई नियमित मान्न मिल्ने देखिदैन यस्ता किसिमका निम्नलिखित कार्यहरूमा भएको भुक्तनी रकम अनियमित भएको रु

क) गो भौ नं र मिति २५३ २०८१।३।२३ बाट फर्निचर खरिद गरि रु २८२०४८ राना फर्निचर ट्रेडर्स लाई भुक्तानि गरिएकोमा सो फर्निचर वडा नं ७ र ८ कार्यालयलाई व्यवस्थापन भनी प्रयोग गरिएको छ ।

ख) गो भौ नं र मिति १५ २०८१।३।१५ बाट आई एम ई अटोमोटिक्स प्रा लि लाई पालिकामा सञ्चालित ग १ ग २१० नंवरको व्याकोलोडर मर्मत गरी भुक्तानी गरिएको रु २५६८२९

ग गो भौ नं र मिति १४ २०८१।३।५ बाट सवारी साधन मर्मत गरि रु ४२२६२ फोर हुइलर्स अटो सभिर्सङ सेन्टर लाई भुक्तानी गरिएको छ ।

| | |
|---|---|
| अनियमित भएको | ५,८१,१३९ |

५३ **लागत सहभागिता-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **९,९५५.२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५४ **हेभी इक्वीपमेन्टको प्रयोग-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिस गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरू देहाय बमोजिम रहेका छन् । नियमावलीको व्यवस्था अनुरूप कार्य गराउनुपर्दछ ।

| गो.भौ.नं. | मिति | उपभोक्तासमिति | भुक्तानीरकम (रु.) | हेभी इक्विपमेन्टको बिलरकम(रु.) |
|---|---|---|---|---|
| २५५ | २०८१।३।२३ | ओग्रापौवाखोला लिस्याङबुङ्ग सडक स्तरोन्ती-१ | ९५५१९२ | १२५३८६७ |
| १९६ | २०८१।३।१३ | ढोडेनीकालिबोट बजेनी सडक | ६९०१६६ | ३५०९९९.८३ |
| २१२ | २०८१।३।१८ | खार्चोकभन्ज्याङ स्तुलखोला चिसापानी सडक निर्माण उ स | १९११५८० | २२८१४९.९४ |
| | | | | १९९७५०.१६ |
| ९८५ | २०८१।३।२३ | बहुउद्देश्यीय सभा हल | ३६८६६६ | ३२१३८१ |

५५ **निर्माण व्यवसायी वा सबकन्ट्र्याक्टरबाट कार्य-**

सार्वजनिक खरिद नियमावली¸ २०६४ को नियम ९७(१०) मा उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्र्याक्टरबाट गराउने नसकिने व्यवस्था छ । पालिकाले देहायबमोजिम उपभोक्ता समितिहरूमार्फत कार्य गराएकोमा अन्य तेस्रो पक्षबाट कार्य भएको बिलहरू पेस भएको छ । यसरी कार्य गराउँदा उपभोक्ताहरूमा रोजगारी सिर्जना नहुनुका साथै खरिदमा प्रतिस्पर्धा सीमित हुने हुँदा नियमानुसार उपभोक्ता समितिले पाएको काम आफै सम्पन्न गर्नुपर्दछ । उपभोक्ता समितिसंग सम्झौता गरि गराइएका कार्यहरू उपभोक्ता समिति आफैले नगरी तेस्रो पक्ष मार्फत गराउने गरेको पाइयो । आफैले नगरी तेस्रो पक्षबाट गराएबाट नियम बमोजिम उपभोक्ता समितिलाई कालो सुचीमा राख्नुपर्नेमा सो बमोजिम गरेको देखिन आएन। यसका केही उदाहरण निम्नानुसार छन् ।

| गो.भौ.नं. | मिति | उपभोक्तासमिति | भुक्तानीरकम(रु.) | निर्माण व्यवसायी/सप्लायर | बिलरकम(रु.) |
|---|---|---|---|---|---|
| २० | २०८०।८। २६ | दशै बाटोसफाई देउराली वडा नं ७ | २६०६५९ | स्तुलकन्स्ट्रक्सन | ३०२३९९ |
| २१ | २०८०।८। २७ | दशै बाटोसरसफाई उ स स्वारा वडा नं. ३ | ३८२६१५ | सु-शान्तिनिर्माण सेवा | ४४५३६६.७६ |
| २८ | २०८०।९। १२ | सडक सरसफाईकार्यक्रम वडा नं. ८ | २८०४८३ | हितैशीनिर्माण सेवा प्रा.लि. | ३२९४८५ |
| २९ | २०८०।९। १२ | सडक सफासमिति सौरपानी | ६६९३५७ | फ्रेण्डकन्सट्रक्सन | ७४५२२६.८३ |
| २५५ | २०८१।३। २३ | ओग्रापौवाखोला लिस्याङबुङ्ग सडक स्तरोन्ती-१ | ९५५१९२ | पि.आर. /नाना/रेनाइसेन्ट जेभी | १२५३८६७ |
| ५१ | २०८०।११। १० | दशै बाटोसरसफाई उ स वडा नं. ५ र ६ | ३६२१०५ | नुपुरकन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ४०५००० |
| ५२ | २०८०।१२। ०२ | अर्चलेमोटरबाटो स्तरोन्ती | १७२५९४ | नुपुरकन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | १९४४५०.४ |
| १३४ | २०८१।०२। ०७ | स्वागम्यप्राकृतिक उपचार केन्द्र | २८४६६३ | नुपुरकन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ३१७००० |
| १९६ | २०८१।३। १३ | ढोडेनीकालिबोट बजेनी सडक | ६९०१६६ | क्रियटिभकन्सट्रक्सन प्रा.लि. | ३५०९९९.८३ |
| १९८ | २०८१।३। १४ | पाल्खुआहालडाँडा सडक | ७६२७३५ | नुपुरकन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | १५१२३९ |
| २१२ | २०८१।३। १८ | खार्चोकभन्ज्याङ स्तुलखोला चिसापानी सडक निर्माण उस | १९११५८० | नुपुरकन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | २२८१४९.९४ |
| | | | | पि.आर. /नाना/रेनाइसेन्ट जेभी | १९९७५०.१६ |

५६ **उपभोक्ता समितिबाट गराएको काम-**

कार्यालयले योवर्ष गरेको पूंजीगत खर्च मध्ये १७१ वटा उपभोक्ता समितिहरूसंग रु.८७९२१५५०।को सम्झौता गरी कार्य गराएको जनाएतापनि उपभोक्ता समितिले गरेको कार्य, भुक्तानी विवरण र जनसहभागिताबाट भएको कार्य आदि सम्बन्धमा बिस्तृत अभिलेख अद्यावधिक गरेको नदेखिदा सो सम्बन्धमा यकिन हुन सकेन । उक्त कारोबारको नमुना छनौट गरी गरेको फाइल परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् ।

(क) हस्तान्तरण र लगत अद्यावधिकः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ र पालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि,२०७४ को दफा ३ उपदफा (२), दफा ४ उपदफा (१) खण्ड (ञ) र खण्ड (ट) लगायतका कानुन अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नुपर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने, जनसहभागिता वा लागत सहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत सञ्चालन गर्न नपाइने, तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनुपर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने, उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्बन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण

गर्नुपर्ने आदि व्यवस्था छन् । स्थानीय सीप, श्रोत र साधन उपयोग हुने र स्थानीय स्तरमा कार्य सम्पन्न गर्न सक्ने आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्न सकिने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने, अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने र उपभोक्ता समितिको लगत तोकिएको ढांचामा अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ । कार्यालयले उपभोक्ता समितिबाट कार्यहरू गराउदा उक्त कानुनले तोके बमोजिमको अवस्था पालना गरेको नदेखिएको हुदा कानुनको पूर्णरुपले अनुशरण र पालना गरेर मात्र गराउनु पर्दछ ।

(ख) मुल्य अभिबृद्धि करः कार्यालयले निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ मा तोकिए बमोजिम तयार गर्नुपर्दछ । जस अनुसार उपभोक्ता समितिबाट गराउने निर्माण कार्यको लागत अनुमान तयार गर्दा ओभरहेड र मुल्य अभिबृद्धि कर बाहेक परिमाण र दर विश्लेषणबाट निकालिएको लागत अनुमानमा मुल्य अभिबृद्धि कर लाग्ने निर्माण सामाग्रीको मात्र मुल्य अभिबृद्धि कर यकिन गरेर (VAT for VATABLE Items) उक्त निकालिएको लागत अनुमानमा थप गरेर हुने रकमलाई कुल लागत अनुमान कायम गरिनु पर्ने र सोही बमोजिम कार्य गराइ उपभोक्ता समितिले निर्माण कार्य गर्दा लागत अनुमानमा उल्लेख भएको मुल्य अभिबृद्धि कर रकममा नबढ्नेगरी मुल्य अभिबृद्धि कर लाग्ने निर्माण सामाग्री खरिद गर्दा बिल बमोजिम तिरेको वास्तबिक मुल्य अभिबृद्धि कर रकम ठेक्का बिल र कार्य स्वीकार प्रतिवेदनमा समावेश गरेर भुक्तानी गर्नु गराउनु पर्नेमा सो बमोजिम नगरी लागत अनुमानको दर बिश्लेक्षण गर्दा नै मुल्य अभिबृद्धि कर रकम समेत समावेश गरी तयार गरेको र सोही बमोजिमको मुल्य अभिबृद्धि करको सबै रकम उपभोक्ता समितिलाई भुक्तानी दिने गरेको देखियो । जसले गर्दा उपभोक्ता समितिले वास्तविक रुपमा तिरेको मुल्य अभिबृद्धि कर रकम भन्दा बढी रकम निजलाई भुक्तानी हुन सक्ने अवस्था रहेको हुदा यस सम्बन्धमा यथार्थता यकिन गरिनु पर्ने देखिन्छ ।

(ग) भुक्तानीको सिफारिसः उपभोक्ता समितिहरू मार्फत गरिएका कार्यहरूको भुक्तानी गर्दा केहीमा फोटाहरू संलग्न राख्ने र उपभोक्ता समितिको सिफारिस तथा सम्बन्धित वडा अध्यक्षहरूको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने गरेको देखियो । केहीमा फोटाहरू संलग्न गरेता पनि कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिन आएन । त्यसैगरी सम्बन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा अधिकाशं सिफारिसमा सो बमोजिम नगरी बजेट अनुरुपको कार्य सम्पन्न भएकोले भुक्तानीको लागि सिफारिस गर्दछु भन्ने भाषाको सिफारिस गर्ने गरेको देखियो । यसबाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरूबाट कार्यहरू भएको छ भनि आश्वस्थता हुने आधार कमजोर रहेको छ ।

(घ) जनश्रमदान र लागत सहभागिताः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । नगर सभाले उपभोक्ता वा लाभग्राही समुहबाट गराउने कार्यमा न्युनतम १० प्रतिशत जनसहभागिता जुटाउनु पर्ने निर्णय गरेको जनाइएको छ । कार्यालयले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्पmबाट नगद लागत सहभागिता वा जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित कार्यालयको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत गरेका कार्यहरू मध्ये धेरैजसो निर्माण कार्यमा १० प्रतिशतको हाराहारीमा जनसहभागिताबाट कार्य गराएको छ भने १५ वटा योजनामा ३० प्रतिशतको लागत सहभागितामा उपभोक्ताबाट कार्य गराइएको देखियो। उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिता र लागत सहभागिताको अंश वृद्धि गरी योजनामा उपभोक्ताको अपनत्व वृद्धि गर्नु पर्दछ ।

(च) सार्वजनिक परिक्षणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यको सामाजिक परिक्षण अन्तर्गत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । अधिकांश कार्य सडक निर्माण तथा मर्मत गर्ने कार्यहरू गरेको भएतापनि, भवन निर्माण, खानेपानी तथा कृषि तथा पशु विकास लगायतका कार्य गरेको छ । यस्ता कार्यको सार्वजनिक सुनवाई गरेको जनाएता पनि सार्वजानिक सुनुवाई बिस्तृत रुपमा नगरी तोकिएको फारम भरेर केही सिमित व्यक्तिको न्युन उपस्थिती रहने गरेको, आंशिक कार्यहरूमा खर्चको सार्वजनिकीकरण भनि माइन्युटमा लेखी

राख्ने गरेको, फाइलमा राख्ने प्रयोजनको लागि मात्र फारम भरेर राख्ने गरेको अवस्था बिद्यमान रहेको देखियो । त्यसैले सार्वजनिक सुनुवाईको विश्वसनीयता देखिदैन । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रवद्र्धन गर्नुपर्दछ ।

त्यसैगरी बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरू रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको देखिन आएन । समितिमा रहेका पदाधिकारी तथा सदस्यहरू उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्तिहरू भए नभएको यकिन हुन सकेन । एउटै स्थानमा गर्ने फरक फरक निर्माण कार्यको लागि समेत फरक फरक उपभोक्ता समितिहरू गठन गर्ने गरेको छ । एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्बन्धमा समेत यकिन हुने आधार देखिन आएन । यस सम्बन्धमा कार्यालयले अभिलेख अद्यावधिक गरी सुधार गर्नुपर्दछ ।

(छ) अनुगमन समितिः पालिकाको उपाध्यक्षको संयोजकत्वमा रहेको अनुगमन समितिले कामको विबरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी सबै विकास योजनाको अनुगमन गरेर प्रतिवेदन दिनुपर्नेमा सो बमोजिमा प्रतिवेदन नगरी रु ५ लाख भन्दा बढी खर्च भएका योजनाको हकमा गाउँपालिका स्तरिय अनुगमन समितिले र सो भन्दा घटी खर्च भएका योजनाको हकमा वडास्तरिय अनुगमन समितिले मात्र एक निश्चित फारममा समितिका सदस्यले हस्ताक्षर गरेर पेश गर्ने गरेको छ । सबै योजनाहरूमा उल्लेखित सबै प्रकारको व्यहोरा आश्वस्त हुनेगरी गाउँपालिका स्तरिय अनुगमन समितिले सिफारिस गरे पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

(झ) गुणस्तर परीक्षण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान र निर्माण कार्यको सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले उपभोक्ता समिति मार्फत गरेका सबै कार्यहरूमा र निर्माण व्यवसायी मार्फत गराइएका केहि निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

(ञ) जटिल प्रकृतीको कार्य उपभोक्ता समितिबाट गराएको – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । उपनियम १० मा उपभोक्ता समितीसंग सम्झौता भइ तोकिएको कार्य उपभोक्ता समिति आफैले गर्नुपर्ने तेस्रो पक्षबाट गराउन नपाइने उल्लेख रहेको छ । तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनु पर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने उल्लेख रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरू मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम प्रतिस्पर्धा गराइ कार्य गराउन उपयुक्त हुने देखिन्छ ।

## ५७ हस्तान्तरण नहुने कार्य-

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम (१२) मा उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख¸मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपभोक्ता समितिमार्फत स्वामित्व हस्तान्तरण हुन नसक्ने प्रकृतिका कार्यहरू समेत गराएको छ । यसरी स्वामित्व हस्तान्तरण नहुँदा निर्मित संरचनाको उपयुक्त रेखदेख तथा मर्मत सम्भार हुन सक्दैन । स्वामित्व हस्तान्तरण हुन नसक्ने कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको नियमसम्मत देखिएन । सार्वजनिक खरिद नियमावलीको पालना गर्नुपर्दछ ।

| भौ.नं. | मिति | उपभोक्तासमिति | भुक्तानी रकम(रु.) |
|---|---|---|---|
| ९१ | २०८०।१२।५ | स्वास्थ्यचौकी तारबार वडा नं १ | १८८६६५ |
| ९५ | २०८०।१२।६ | चिसापानीस्वास्थ्य इकाई मर्मत | २४१८९५ |
| १५४ | २०८१।०२।१४ | स्वास्थ्यचौकी तारबार वडा नं २ | १४४००० |
| जम्मा | | | ५७४५६० |

| अनियमित भएको |
|---|

५८ **बढी भुक्तानी-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गरी खर्च लेख्नुपर्ने व्यवस्था छ ।

५८.१ ( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **७७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

५८.२ २५५ २०८१।३।२३ ओग्रा पौवा खोला लिस्याङबुङ्ग सडक स्तरउन्नती उ स मा उपभोक्ता समितिले विल पेश गर्ने क्रममा उपभोक्ताको साझेदारीको १० प्रतिशतले हुन आउने रकमको डोर हाजिरी प्रमाणित पेश नगरी पुरै काम डोजरको प्रयोग गरी गरेको देखिन्छ । मुल्याङ्कनमा रु १११९९१ को कार्यसम्पन्न देखिन्छ । पि आर नानो रेनाइसेन्स जे भि निर्माण व्यवसायिको १२५३८७७ को विल पेश गरी उसले भुक्तानी उपभोक्ता समितिलाई गरेको देखिन्छ । यसरी कानूनमा भएको व्यवस्था भन्दा फरक पर्नेगरी निर्माण व्यवसायिको विल पेश गरी गरिएको भुक्तानीलाई नियमित मान्न नसकिएको रु

| अनियमित भएको | ९,५५,१९२ |
|---|---|

५९ **न्युन बिजकीकरण-**

सार्वजनिक खरिद नियमावली२०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत गराएको कार्यहरूमा निम्नानुसार दररेट विश्लेषण गरी सोही अनुसार भुक्तानी भएको छ।तर उपभोक्ता समितिबाट जिल्ला दररेट भन्दा कम दरमा सामान खरिदको बिल पेश गरेकोले निम्नानुसार बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाटअसूल गर्नु पर्ने रु.

| क्र.सं. | गो.भौ.नं | मिति | उपभोक्ता समिति | सामग्री | भुक्तानीभएको दर(रु.) | बिल बिजक अनुसारको दर(रु.) | खपत परिमाण(बोरा/ गोटा/घ.मि.) | फरक(रु.) | भ्याट सहित बढी भुक्तानी जम्मा(रु.) |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ४ | २०८०।६।१९ | अधुरो बास्केटबल ग्राउण्ड मर्मत | सिमेन्ट | ७४० | ४२०. | ४२६. | ३६१.६ | १५४०४१.६ |
| | | | | गिट्टी | २१०० | १५०० | ५७ | ६०० | ३४२०० |
| | | | | बालुवा | २२०० | १३२७ | ३० | ९८६ | २९५८० |
| जम्मा | | | | | | | | | **२१७८२१.६** |
| २ | २७ | २०८०।९।१२ | बसपार्क देखि सोर्ता टोल सडक उन्नती | सिमेन्ट | ७४० | ५८० | १२२ | १८१ | २२०८२ |
| | | | | बालुवा | २२०० | १३२७ | २५ | ९८६ | २४६५० |
| जम्मा | | | | | | | | | **४६७३२** |
| ३ | ४६ | २०८०।१०।२४ | थोयोर मणीपार्क निर्माण उ स | सिमेन्ट | ७४० | ५५८ | १७८ | २०६ | ३६६६८ |
| | | | | बालुवा | २२०० | १३२७ | १९ | ९८६ | १८७३४ |
| जम्मा | | | | | | | | | **५५४०२** |
| ४ | ८० | २०८०।११।२२ | बारपाक तमु समाज भवन नि उ स | इटा | १७ | १३ | ५८९४ | ५ | २९४७० |
| ५ | १०५ | २०८०।१२।६ | झाक्रीस्वारा ढल निकास उ स | सिमेन्ट | ७४० | ५७५ | ९१ | १८६ | १६९२६ |
| ६ | १६० | २०८१।२।१७ | पन्द्रुङ ठूलोग्राम सडक स्तरोन्नति | सिमेन्ट | ७४० | ६५० | २९० | १०२ | २९५८० |
| | | | | वालुवा | २२०० | १४०० | ३८ | ९०४ | ३४३५२ |
| जम्मा | | | | | | | | | **६३९३२** |
| ७ | १८० | २०८१।३।११ | बारपाक कोट प्याराफिट निर्माण | सिमेन्ट | ७४० | ५७५ | ३५० | १८६ | ६५१०० |
| | | | | इँटा | १७ | १४ | १०८०० | ३ | ३२४०० |
| | | | | वालुवा | २२०० | १३२७ | २७ | ९८६ | २६६२२ |
| | | | | गिटी | २१०० | १३२७ | ३५ | ८७३ | ३०५५५ |
| जम्मा | | | | | | | | | **१५४६७७** |
| ८ | १८७ | २०८१।३।१२ | धारापानी डुम्रे बालुवा भल नियन्त्रण उ स | सिमेन्ट | ७४० | ६१५ | ९३ | १४१ | १३११३ |
| ९ | १९९ | २०८१।३।१४ | गाउँपालिका रिङ्गरोड | सिमेन्ट | ७४० | ४५० | २५० | ३२८ | ८२००० |
| १० | २२१ | २०८१।३।१९ | धारापानी ढोडेनी बाहुनबेसी सडक-७ | सिमेन्ट | ७४० | ६१५ | ७९ | १४१ | १११३९ |
| ११ | २३४ | २०८१।३।२३ | शहिद स्मृति भवन ताकुकोट | सिमेन्ट | ७४० | ५८४ | १७७ | १७६ | ३११५२ |
| | | | | गिट्टी | २१०० | १३२७ | १९ | ८७३ | १६५८७ |
| | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | बालुवा | २२०० | १३२७ | ९ | ९८६ | ८८७४ |
| जम्मा | | | | | | | | | **५६६१३** |
| १२ | २३५ | २०८१।०३।२३ | बारपाक भ्यु टावर | इँटा | १७ | १० | ६३७१ | ८ | ५०९६८ |
| | | | | सिमेन्ट | ७४० | ६१९ | १७ | १३६ | २३१२ |
| जम्मा | | | | | | | | | **५३२८०** |
| १३ | २६८ | २०८१।३।२४ | बाल उद्यान थानिथान-४ | इँटा | १७ | ११ | ४२४० | ६ | २५४४० |
| | | | | सिमेन्ट | ७४० | ५६० | २५ | २०३ | ५०७५ |
| जम्मा | | | | | | | | | **३०५१५** |
| १४ | २७६ | २०८१।३।२४ | ताकुकोट पुस्तकालय मर्मत | सिमेन्ट | ७४० | ५७५ | १०८ | १८६ | २०१३७ |
| १५ | २७७ | २०८१।३।२४ | बाह्रमुले सामुदायिक भवन निर्माण | सिमेन्ट | ७४० | ६६४ | ८५ | ८६ | ७३०० |
| **कुल जम्मा** | | | | | | | | | **८५ ९०५७.६** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,५९,०५७.६ |

६० **पेश्की जोखिममा-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा मोविलाईजेशन पेश्की सम्बन्धमा प्रावधानहरू रहेका छन् । ।राङ्ग्रु देखि पोखरी हुदै रामचोक सम्मको वाटो स्तरोन्नति गर्ने कार्यका निर्माण व्यवसायी स्यवम्भु कन्सट्रक्सन प्रा.लि.लाई १४२/२०८१/२/८ बाट रु ७ लाख मोविलाईजेशन पेश्की दिएकोमा निजले ग्लोवल आएमई वैक बाट 2024 may 19 देखि 2024 august 18 सम्मको पेश्की जमानत पेश गरेको देखियो ।निजलाई २०८१/३/२४ मा प्रथम रनिङ विल रु ६२,९९,५३५/- भुक्तानी दिदा उक्त पेश्की फर्छोट भएको प्रमाण पेश हुन आएन ।उक्त ठेक्का अवधि २०८१/३/२० पश्चात समाप्त भई थप भएको पाइएन ।लेखापरीक्षण अवधि २०८१/८/११ सम्म उक्त पेश्की बाँकी रहेको र वैँक जमानतको मान्य अवधि थप भएको नदेखिदा पेश्की बाँकी रकम जोखिममा पर्न गएकोले यथाशिघ्र फर्छोट हुनुपर्ने रु

| | |
|---|---|
| पेश्की | ७,००,००० |

६१ **भेरिएसन-**

६१.१ सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५४ उपदफा ( १ ) मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको पररस्थिति सम्झौता कार्यान्वयन क्रममा श्रृजना भएमा सो को स्पष्ट कारण खुलाई तोकिए बमोजिम भेरिएसन आदेश जारी गर्न सकिने प्रावधान रहेको छ । पालिकाले १५ शैयाको प्राथमिक स्वास्थ्य अस्पताल निर्माण गर्न रु १,३६,१६९,५५९/- को सम्झौता निर्माण व्यवसायी ओम-वुद्ध नवकान्तिपुर जे.भि. संग मिति २०७८/३/१३ मा भई कार्य शुरु भएको छ ।जसमा सभाले मिति २०७८/१०/२६ को निर्णयबाट ५.८२ प्रतिशत थप लागत सहितको प्रथम भेरिएसन आदेश स्वीकृत गरी संशोधित सम्झौता अंक रु १४,५०,०७,८१३/- पुर्याइएको छ ।यसप्रकार भेरिएसन आदेश जारी गर्दा देहायबमोजिम ४ वटा आइटममा अस्वभाविक रुपले ५७९.१७ % साविक परिमाणमा थप गरी संशोधन गरिएको छ । ।यसप्रकार साविक परिमाणमा यी ४ आइटमका कार्यहरू थप गरिनु सम्झौता गर्दाका बखत पुर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा उत्पन्न भएको अवस्था नभई पालिकाले उक्त अस्पताल भवनको निर्माण गर्ने प्रयोजनको लागि नियुक्त भएको परामर्श दाता अकला देवी कन्सट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि ले गरेको DPR अध्ययन कार्यमा भएको कमजोरीको कारण उक्त भेरिएसन आदेश जारी गर्नु परेको अवस्था देखिन्छ ।यसमा सम्बन्धित पक्षको ध्यान दिनुपर्दछ ।

| आइटम नं | कामको विवरण | शुरु परिमण | संशोधित परिमाण | वढी प्रतिशत |
|---|---|---|---|---|
| ४ | माटो काट्ने काम | ३८१.९२ m3 | १५७४.५० m3 | ३१२.२६ |
| ६ | माटो पूर्ने कार्य | ७४८.३४ m3 | २९४५.२४ m3 | २९३.५७ |
| ५३ | ग्यावियन वक्सको कार्य ( 10*12) (2*1*1) | ५७० m2 | १८७७ m2 | २२९.३० |
| ५४ | ग्याविन वक्सको कार्य | ७२ m2 | ४८९ m3 | ५७९.१७ |

६१.२ उक्त भेरिएशन आदेशमा ४ मध्ये ३ आइटममा साविक BOQ दरमा कार्य गराउने र बाँकी एक आइटम ( 10*12) (2*1*1) साइजको ग्यावियन वक्सको ५७०m3 बाट थप भई संशोधन भएको परिमाण १८७७ m3 मध्ये १३६६ m3 परिमाण साविक BOQ दर रु ३०००/- का दरले बाँकी ५११ m3 परिमाणको कार्य रु ४,७००/- ले व्यहोर्ने गरी स्वीकृत भएको देखियो । जसमा १३६६ m3 परिमाण काम साविक दर रु ३०००/- ले र बाकी ५११ m3 परिमाण काम रु ४,७००/- का दरले गर्ने गरी विना आधार र पुष्टयाई वेगर स्वीकृत भएको छ । यस सम्बन्धमा बिज्ञको राय र सभाको निर्णय अनुसार भेरिएसन गर्नुपरेको तथा शुरु बिओक्यु दर भन्दा बढी रहेता पनि शुरु लागत अनुमान दर भन्दा घटी हुनेगरी रेट नेगोसिएसन गरेर दररेट कायम गरिएको कार्यालयको भनाई रहेको छ ।यसप्रकार बढी दरमा भुक्तानी हुने रु ५११ m3 को रु १,७००/- मा मु.अ.कर समेतले हुने रकम पालिकालाई थप व्यय भार पर्न गएको हुदा सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,८१,६३१ |

## ६२ आन्तरिक लेखापरीक्षणबाट कायम बेहोराहरु-

६२.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५७ मा बिल, भरपाईको आधारमा लेखा राख्नुपर्ने व्यवस्था छ । ओम बुद्ध-नव कान्तिपुरा जे.भी. ले १५ शैय्या अस्पताल निर्माण गर्दा दोस्रो रनिङ बिलबाट रू.३१,५३,१००।– भुक्तानी भएकोमा खर्चको बिल, भरपाई बेगर भुक्तानी दिएकोले बिल भरपाई पेस गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३१,५३,१०० |

६२.२ ओम बुद्ध-नव कान्तिपुर जे.भी. ले १५ शय्या अस्पताल निर्माणको दशौं रनिङ बिलबाट भ्याट बाहेक रू.२६,२८,२१०।– को ०.१ प्रतिशतले हुन आउने निर्माण व्यवसायी कोष रू.२,६२९।– र एघारौं रनिङ बिलबाट भ्याट बाहेक रू.५,४९६।– गरी जम्मा रू.८,१२५।– सम्बन्धित कोषमा दाखिला गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,१२५ |

## ६३ BOQ परिमाण थप-

कार्यालयले स्वीकृत DPR प्रतिवेदन र लागतअनुमानमा उल्लेखित परिमाण बमोजिम ठेक्का सम्झौताको BOQ मा सम्झौता गर्नुपर्दछ । पालिकाले निर्माणधिन १५ शैयाको अस्पतालको स्वीकृत DPR प्रतिवेदन र लागतअनुमानमा आइटम नं ३३ floor, ceiling, wall, tarace आदिको supply र fittings को कार्य ५० मि. गर्ने गरी स्वीकृत भएको छ ।तर सम्झौताको BOQ मा उक्त आइटमको कार्य १०० मि. गर्ने गरी राखिएको छ ।यसरी परिमाण वृद्धि हुनुको उचित र पर्याप्त कारण पेश हुन आएन । जसमा BOQ को प्रति र मि दर रु ७१२९/०८ का दरले हुने मु.अ.कर समेत रु ४,०२,७९३/- ले लागत बढ्न गएकोले अनियमित भएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,०२,७९३ |

६४ **बढी भुक्तानी-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१४,७८८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

६५ **रीतपुर्वकको कर बिजक-**

मूल्य अभिबृद्धि कर ऐन, २०५२ र नियमावली, २०५३ अनुसार कार्यालयले करदाताबाट रितपूर्वकको कर विजक लिएर मात्र भुक्तानी गर्नुपर्दछ । त्यसैगरी दफा ७ बमोजिम असुल गरेको मुल्य अभिवृद्धि करको विवरण अर्को महिनाको २५ गते भित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिम भुक्तानी गरेको मु.अ. कर रकम निजले निम्नानुसार गरेको भुक्तानीमा देहाय बमोजिम रितपूर्वकको कर विजक पेश भएको नदेखिएकोले सोको प्रमाण र कर समायोजन पत्र पेश गर्नुपर्ने रु

| गो.भौ. नं / मिति | निर्माण व्यवसायीले | स्थायी लेखा नं | भुक्तानी | मू.अ. कर | कैफियत |
|---|---|---|---|---|---|
| ३१/०८१/३/२४<br>२७४/०८१/३/२४ | हरितातारा रिट्टीभा जे.भी. | ६२१३३८३८२ | ७०,७०,०००/- | ७,७७,७८८ | फोटोकपी विजक पेश |
| २७४/०८१/३/२४ | ओम सत्य साई कन्सट्रक्सन प्रा.लि. | ६०९५८६४९१ | ८६,८०,३४१/- | ९,५२,८९५ | फोटोकपी विजक पेश |
| २७४/०८१/३/२४ | शुभम मुर्तिकला | ६००३३२०१५ | १,४५,०००/- | १६,६८१ | फोटोकपी विजक पेश |
| २७४/०८१/३/२४ | Build con Design and Developers pvt. Ltd. | ६०४३८९११६ | १,००,०००/- | ११,५०४ | फोटोकपी विजक पेश |
| | जम्मा | | | १७५८८६८ | |

| प्रमाण पेश नगरेको | १७,५८,८६८ |
|---|---|

६६ **म्याद थप-**

निर्माण व्यवसायीले ठेक्का सम्झौतामा भएको शर्तअनुसार तोकिएको अवधिमा सम्झौता अनुसारको कार्यसम्पन्न गर्नुपर्दछ ।दिलवहादुर रम्तेल स्मृति पार्क निर्माण गर्ने ठेक्का नं १६- ०७७/०७८ का निर्माण व्यवसायी ओम सत्यसाई कन्सट्रक्सन प्रा.लि संग ठेक्का अंक रु ३,३७,२५,६६३/- को सम्झौता मिति २०७८/५/२० मा भई कार्य सम्पन्न गर्ने अवधि २०७८११/१५ सम्म अर्थात ६ महिना भन्दा घटी अवधि तोकिएको २ पटक सम्म कार्यपालिका र तेश्रो पटक सभाले म्याद थपको निर्णय गरी २०८०/९/३० सम्म अर्थात करिव २२.५ महिना म्याद थप गरिएको छ ।यसप्रकार थपिएका अवधि सम्झौताको शुरु अवधि भन्दा करिव ३७५ प्रतिशत बढी हुन आउछ । निर्माण व्यवसायीले म्याद थप माग गरेको कारणहरू मध्ये अधिकांश कारणहरू पुर्वअनुमान भईसकेका जस्तै वर्षाको सिजन, बजेट अभाव आदि उल्लेख भएकोले उक्त कारणहरूलाई नियमावलीमा उल्लेख रहेको काबु बाहिरको परिस्थिति श्रृजना भएको मान्न मिल्ने देखिन्दैन साथै बजेट अभाव भई निजलाई कार्यालयले समयमा भुक्तानी गर्न नसके सम्झौता अनुसार व्याज दावी गर्नुको सट्टा समयमा काम नगरी म्याद थप माग गर्नु र सोही आधारमा म्याद थपको निर्णय गर्ने कार्यलाई कानुनसम्मत भन्न मिल्ने देखिदैन।यसमा सम्बन्धितको ध्यान जानुपर्ने देखिन्छ ।

६७ **शुल्क-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा निर्माण व्यवसायीलाई निर्माण स्थल सुम्पिएको मिति देखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको जुनसुकै कारणबाट हुने सवै हानिनोक्सानी व्यहोर्ने लगायतका शर्तहरू पुरा गर्ने गरी निर्माण व्यवसायीले निर्माण कार्यको बीमा गर्नुपर्ने प्रवधान उल्लेख रहेका छन् । पालिकाले यो वर्ष गरेका देहाय देहायका निर्माण कार्यहरूमा निर्माण व्यवसायीले उक्त उल्लेखित शर्तहरू पुरा नहुने गरी निर्माण कार्यहरूको बीमा गरेको जनाई विल विजक बमोजिम बीमा शुल्क

भुक्तानी गरेको देखियो ।यसप्रकार कानुन बमोजिम तोकिएका शर्तहरू पुरा नहुने गरी गरेको बीमा शुल्क वापतको रकम भुक्तानी गर्न मिल्ने नदेखिदा सम्बन्धित निर्माण व्यवसायीबाट निम्नानुसार असुल हुनु पर्दछ ।

६७.१ राङ्ग्रु देखि पोखरा हुदै रामचोक सम्मको बाटो स्तरोन्नति गर्ने कार्यका निर्माण व्यवसायीले स्वंम्भू कन्सट्रक्सन प्रा.लि. संग रु ८१,८८,१८०/- को ठेक्का सम्झौता २०८० पौष २५ मा भई कार्यसम्पन्न गर्ने अवधि २०८१ असाढ २० सम्म तोकिएको छ ।उक्त ठेक्कामा निर्माण व्यवसायीले NLG Insurance co. ltd ले मिति २०८१/३/२१ ( 2024.07.5) र २०८१/०१/९ (2024.04.21) मा जारी गरको विमा प्रमाणपत्रको आधारमा कार्यालयले गो.भौ. नं ३०५ मिति२०८१/३/२४ बाट प्रथम रनिङ विल भुक्तानी गर्दा provisional sum मार्फत विमा शुल्क रु ५०,८३८/- भुक्तानी गरेको छ ।यसरी कानुनका शर्तहरू पुरा नगरी ठेक्काको अन्तिम समयमा र ठेक्काको शुरु अवधि समाप्त भए पश्चात मात्र विल भुक्तानीको प्रयोजनको लागि मात्र बीमा गरी भुक्तानीको लिने कार्यलाई कानुनसम्मत भएको भन्न मिल्ने नदेखिदा निज निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५०,८३८ |

६७.२ **दिलवहादुर रम्तेल स्मृति पार्क निर्माण** गर्ने कार्यका निर्माण व्यवसायीले ओम सत्य साई कन्सट्रक्सन प्रा.लि. संग रु ३,३७,२५,६६३/- को ठेक्का सम्झौता २०७८/५/२० मा भई कार्यसम्पन्न गर्ने अवधि म्याद थप समेत मिति २०८०/९/३० सम्म पुर्याइएको छ ।निज यो वर्ष गो.भौ. नं १ मिति २०८१/१०/२६ मा अन्तिम बिलको भुक्तानी रु ८६,८०,३४०/- गर्दा provisional sum मार्फत शुल्क रु ३,९७,८४६/- भुक्तानी लिएको देखियो। यसप्रकारका कानुनका शर्तहरू पुरा नगरी घटी अवधिको बीमा गरेको आधारमा भुक्तानी भएको विमा शुल्क वापतको provisional sum को रकम निज निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,९७,८४६ |

६७.३ **मसार पिपलडाँडा सडक** स्तरोन्नति गर्ने कार्यका निर्माण व्यवसायीले खोटलाङ्ग कन्सट्रक्सन प्रा.लि. संग रु ६७,६७,४६५/- को ठेक्का सम्झौता २०८०/८/७ मा भई कार्यसम्पन्न गर्ने अवधि एक वर्ष तोकिएकोमा निजले प्रथम रनिङ विल २०८०/१२/५ मा पेश गरी रु १३,९६,१४४/- भुक्तानी लिएको छ।तत्पश्चात निजले सालिको इन्सुरेन्स कम्पनी लि बाट मिति २०८०/१२/५ ( 2024.3.18) मा २ वटा बीमा गरेको प्रमाण संलग्न गरी गो.भौ. नं २१८ मिति२०८१/३/१९ बाट दोश्रो रनिङ विल भुक्तानी लिदा provisional sum मार्फत रु ४४,०१९/- भुक्तानी लिएको देखियो ।यसप्रकार उक्त कानुनले तोकेका शर्तहरू पुरा नगरी ढिला गरी भुक्तानी लिने प्रयोजनको लागि मात्र बीमा गरी तिरेको बीमा शुल्क भुक्तानी दिन मिल्ने नदेखिएकोले निज निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु ४४,०१९/-

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४४,०१९ |

६८ **अन्य कार्यालयको खर्च**-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) मा स्वीकृत बजेट खर्च गर्दा मितव्ययिता र प्रभावकारिता कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । पालिकाले अन्य कार्यालयहरूको सञ्चालन खर्चसमेत भुक्तानी गरेको छ । अन्य कार्यालयको कार्य सञ्चालनका लागि सोही कार्यालयबाट बजेट व्यवस्था हुने भएकोले पालिकाले गर्ने यस्तो प्रकृतिको खर्चले थप व्ययभार बढ्ने देखिँदा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ । यसका केही उदाहरण निम्नानुसार छन्-

| भौचर नं. | मिति | विवरण | रकम (रु.) |
|---|---|---|---|
| ४९ | २०८०।६।१६ | इलाका प्रहरी कार्यालय ताकुकोट सवारी मर्मत तथा इन्धन | १५८३८ |
| २०७ | २०८०।८।१० | अस्थाई प्रहरी पोष्ट धुन्चोकटार समेतलाई मौलोपुजा सहयोग | ३०००० |
| २३२ | २०८०।८।२४ | बारपाक प्रहरी चौकी मौलापुजा खर्च | १०००० |
| २३३ | २०८०।८।२४ | ताकुकोट प्रहरी चौकी इन्धन खर्च | ३४३० |
| ३८८ | २०८०।१०।२४ | बारपाक प्रहरी चौकी इन्धन खर्च | ९६६६ |
| ५१९ | २०८०।१२।९ | सौरपानी प्रहरी चौकी घरभाडा | ३००१५ |
| ६१४ | २०८१।२।४ | प्रहरी चौकी सौरपानी मोटरसाइकल मर्मत | ८१०० |
| ९२९ | २०८१।३।२१ | सौरपानी प्रहरी चौकी घरभाडा | ३६००० |

६९ **तलबी प्रतिवेदन-**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई पालिकातर्फ स्थायी कर्मचारीको रु.१ करोड ४० लाख १९ हजार र स्वास्थ्यतर्फका कर्मचारीको रु.२ करोड ५१ लाख ३७ हजार तलब भत्ता खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी तलब खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता, ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

७० **अनुगमन बैठक भत्ता-**

(भौ.नं. र मिति १०२६।३।२४)- गण्डकी प्रदेशको गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ को दफा ३ मा पदाधिकारी र सदस्यले आफू निर्वाचित भई पदभार ग्रहण गरेको मितिदेखि स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा अनुसूची बमोजिमको रकममा नबढ्ने गरी यस ऐनमा उल्लेख भएको सुविधा पाउने व्यवस्था छ । त्यस्तै दफा १६ मा कुनै पनि सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था छ । सो अनुसार गाँउपालिकाका पदाधिकारी तथा सदस्यले पाउने सुविधा अन्तर्गत मासिक रूपमा अनुगमन सुविधाको रुपमा रकम प्राप्त गरेको अवस्थामा थप अनुगमन भत्ता दिन मिल्ने देखिदैन भने कर्मचारीहरूका लागि समेत अनुगमन भत्ता दिने कुनै कानुनी व्यवस्था रहेको देखिदैन । यस पालिकाका पदाधिकारी एवं कर्मचारीहरूलाई विभिन्न योजना/कार्यक्रमको अनुगमन कार्यको लागि बैठक बसेको जनाइ पदाधिकारी अन्य सुविधा शिर्षकबाट बैठक भत्ता भुक्तानी दिएको छ। यसरी अनुगमन प्रयोजनको लागि बैठक भत्ता खर्च लेख्दा संघिय अर्थ मन्त्रालयबाट जारी कार्यबिधि र गण्डकी प्रदेश खर्चको मापदण्ड २०७९ मा तोकिएको मापदण्ड पुरा हुने गरी पालिका सभाले कार्यबिधि बनाइ सोको आधारमा मात्र खर्च लेख्नु पर्नेमा देहायबमोजिम रु.११९८५०।अनुगमन कार्यको लागि बैठक बसेको जनाइ खर्च लेखेको छ ।यसमा सम्वन्धित पक्षको ध्यान गइ सुधार हुनुपर्दछ ।

| क्र.सं. | भुक्तानी पाउनेको नाम थर | रकम (रु. ) | १५ प्रतिशत करकट्टी पश्चात भुक्तान भएको रकम (रु) |
|---|---|---|---|
| १ | अन्जु थापा | ४००० | ३४०० |
| २ | ईश्वरी प्रसाद पनेरु | १८००० | १५३०० |
| ३ | उज्वल गिरी | ५००० | ४२५० |
| ४ | कृष्ण गुरुङ (वडा अध्यक्ष) | ५००० | ४२५० |
| ५ | गंगा बहादुर घले | १२००० | १०२०० |
| ६ | तेज मायां गुरुङ | ४००० | ३४०० |
| ७ | धन बहादुर गुरुङ | ५००० | ४२५० |
| ८ | धन बहादुर घले (वडा अध्यक्ष) | २००० | १७०० |
| ९ | पुर्ण बहादुर गुरुङ (वडा अध्यक्ष) | १००० | ८५० |
| १० | प्रेम कुमार गुरुङ | ४००० | ३४०० |
| ११ | बल बहादुर गुरुङ (वडा अध्यक्ष) | ३००० | २५५० |
| १२ | बाबु लाल गुरुङ (वडा अध्यक्ष) | ३००० | २५५० |
| १३ | बिजय गुरुङ | ५००० | ४२५० |
| १४ | बिष्णु प्रसाद भट्ट (गा . पा . अध्यक्ष) | १४००० | ११९०० |
| १५ | भीम वहादुर गुरुङ (वडा अध्यक्ष) | ३००० | २५५० |
| १६ | मेघनाथ प्रसाद यादव | ८००० | ६८०० |
| १७ | मिलन सुनार | १००० | ८५० |
| १८ | वसन्त भट्ट | ५००० | ४२५० |
| १९ | शरण गुरुङ (वडा अध्यक्ष) | ४००० | ३४०० |
| २० | शिब बहादुर खड्का (वडा अध्यक्ष) | १००० | ८५० |
| २१ | सन माया गुरुङ (गा . पा . उपाध्यक्ष) | १८००० | १५३०० |
| २२ | सुनिल मोक्तान | ४००० | ३४०० |
| २३ | सुवास आले | १२००० | १०२०० |
| जम्मा | | १४१००० | ११९८५० |

७१ **भ्रमण खर्च-**

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सोको अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय बनाउन आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने व्यवस्था छ। त्यस्तै नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष अनुगमन मूल्याङ्कन शिर्षकमा रु. १४९९९५७ र भ्रमण खर्च शिर्षकमा रु.१५२९७७५ समेत गरी रु.३०२९७३२ खर्च लेखेको छ । तर भ्रमणको अभिलेख, दुरीको विवरण राखेको छैन भने अधिकांशमा भ्रमणको उद्देश्य तथा उपलब्धी समेत खुल्ने गरी प्रतिवेदन पेस गरेको छैन । जसले गर्दा भ्रमणको सही सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार गर्नुपर्दछ।

७२ **फिल्ड भत्ता-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ (१) मा स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ । प्राविधिकहरूलाई फिल्डमा सेवा गरे बापत इन्जिनियरलाई रु.१०,०००,सब इन्जिनियरलाई रु.८,००० र असिस्टेन्ट सब-इन्जिनियर/खा.पा.स.टे. लाई रु.७,००० मासिक फिल्ड भत्ता दिने कार्यपालिकाको निर्णयानुसार २ जना इन्जिनियर, १ जना सब-इन्जिनियर र ५ जना अ.स.ई. लाई गरी जम्मा रु.६,१६,०००।– फिल्ड भत्ता खर्च गरेको छ । सो सम्बन्धमा पालिकाले स्पष्ट कार्यविधि बनाएको छैन । पालिकाले आफ्नो आन्तरिक आयस्रोतलाई समेत विचार गरी स्पष्ट कार्यविधि बनाएर मात्र यस्तो खर्च गर्नुपर्दछ ।

७३ **न्यायिक समिति अवलोकन भ्रमण-**

(३४७।१०।७) आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । न्यायिक समिति अवलोकन भ्रमणका लागि पालिकाले रु.१९९०४१ खर्च गरेको छ । गलकोट, बागलुङ, भुमे, पूर्वी रुकुम, चौरजहारी न.पा. समेतका स्थानहरूमा ६ दिनको लागि भएको उक्त अवलोकन भ्रमणमा न्यायिक समितिका सदस्यहरूका साथै पालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, लेखा अधिकृत, इन्जिनियर, सूचना प्रविधि समेतका १४ जना सहभागी रहेको देखिन्छ । सम्बन्धित विषयका कर्मचारीलाई सहभागी गराई निजहरूको ज्ञान, सिप र क्षमता अभिवृद्धि गर्नुपर्ने यस्ता कार्यक्रममा असम्बन्धित कर्मचारीहरूलाई समेत सहभागी गराई खर्च गर्नु औचित्यपूर्ण देखिएन । यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ।

७४ **अनुगमन भत्ता-**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन) को दफा ३(क) मा पदाधिकारीहरूले पाउने सुविधा सम्बन्धी व्यवस्था गरेको छ । सो ऐनमा गोष्ठि, तालिम तथा कार्यक्रममा अनुगमन गरेवापत भत्ता पाउने उल्लेख गरेको देखिंदैन । साथै अर्थ मन्त्रालयबाट जारी कार्य सन्चालन निर्देशिका, २०७७र गण्डकी प्रदेश खर्चको मापदण्ड, २०७९ मा तालिम, कार्यक्रम तथा गोष्ठीमा अनुगमन गरे वापत भत्ता पाउने उल्लेख गरेको छैन । पालिकाले मुख्यमन्त्री नवप्रवर्द्धन कार्यक्रम अन्तर्गत निम्नानुसार तालिम तथा कार्यक्रममा अनुगमन गरेको भनी रु.१,०००।- का दरले रु.३,०६,६१४।- भत्ता भुक्तानी गरेकोले निर्देशिका विपरीत रु.३०६६१४।भुक्तानी दिएको छ । टाढा र जटिल भुगोलमा दै भ्र भत्ता नियमानुसार उपलव्ध गराउन रकम अभाव भएबाट अनुगमन वापत न्युन रकम उपलव्ध गराइएको व्यहोरा कार्यालयले जनाएको छ ।

| भौ.नं. र मिति | तालिम तथा कार्यक्रमको नाम | कर्मचारी संख्या | रकम(कर पछि) |
|---|---|---|---|
| प्रदेश सशर्त | | | |
| २।२०८१।३।१५ | मुख्यमन्त्री नवप्रर्तन कार्यक्रम ल (२०८१।२।३ देखि २०८१।२।५ सम्म३ दिन) | अध्यक्षसहित २५ जना | १५१३१६ |
| ४।२०८१।३।१ | मुख्यमन्त्री नवप्रर्तन कार्यक्रम (२०८१।२।६ देखि २०८१।२।९ सम्म ४ दिन) | अध्यक्षसहित २५ जना | ९९०२० |
| २०।२०८१। | मुख्यमन्त्री नवप्रर्तन कार्यक्रम (२०८१।२।२० देखि २०८१।३।२० सम्म १ महिना) | अध्यक्षसहित १५ जना | १५५२९८ |
| **जम्माः** | | | **३०६६१४** |

७५ **सुरक्षित आप्रवासन परियोजना [SAMI – III]-**

बैदेशिक रोजगारलाई सुरक्षित ब्यबस्थित मर्यादित उपलब्धिमूलक एवं शोषणरहित बनाउन नेपाल सरकार र स्वीस सरकारको द्धीपक्षीय सम्झौता भइ सुरक्षित आप्रवासन परियोजना(Safer Migration Programe: SAMI) सामीकार्यन्वयनमा रहेकोमा तेस्रो चरणको समयावधि २ वर्ष थप भइ २०७९ श्रावण १ देखि २०८१ असार ३१ सम्म कायम भएको छ। तेश्रो चरण श्रम रोजगार तथा सामाजिक सूरक्षा मन्त्रालय अन्तरगत सञ्चालनमा रहेको छ । ३८ जिल्लाका १५६ स्थानीय तहमा सञ्चालित यो परियोजना २०७५ भाद्र १ देखि सञ्चालनमा रहेको मध्ये यस पालिकामा पनिसञ्चालनमा रहेको छ ।यस परियोजना अन्तर्गत योवर्ष विनियोजन भएको रकम रु २३ लाख मध्ये रु. २२९२६४३। खर्च भएको छ।पालिकाले सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९ बमोजिम कार्यक्रम सञ्चालन गर्नुपर्दछ। सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९ बमोजिम कार्यक्रमको उद्धेश्य अनुरुपको कार्यक्रम कार्यान्वयनको जिम्मेवारी स्थानीय तहको हुने भएकोले पालिकाले कार्यक्रमको अनुगमन मुल्याङ्कन तथा प्रतिवेदन पेश गरेको नदेखिएकोले पेश गर्नुपर्दछ। साथै यस स्थानीय तहले उक्त कार्यक्रमको अनुगमन समेत गरेको पाइएन । नेपाल सरकार र स्वीस सरकारको द्धिपक्षीय सम्झौतामा उल्लेख भए अनुसार यस स्थानीय तहले Matching Fund समेत बनाएको पाइएन ।

सामी कार्यक्रम सञ्चालन गर्न सहयोगी संस्थाको रुपमा गोरखा जिल्लामा यो कार्यक्रमा लागु भएका ४ स्थानीय तह (गोरखा नगरपालिका, पालुङ्टार नगरपालिका, बारपाक सुलिकोट गाउँपालिका र शहिद लखन गाउँपालिका) ले संयुक्त रुपमा २०७९।६।३१ देखि २०८१।३।३१ सम्मको लागि एकीकरण नेपाल नामक गैह्र सरकारी संस्थासंग सम्झौता गरी कार्यक्रम सञ्चालन गर्दै आएको पाइयो। उक्त संस्थासंग भएको संझौता समय आधारित (Time Based Contract) भएको व्यहोरा सम्झौतामा उल्लेख गरिएको छ । सम्झौताको Appedix A Terms of Reference को दफा ग.४.९ मा परामर्शदाताले सञ्चालन र व्यवस्थापन गर्नुपर्ने प्रमुख कृयाकलापहरू उल्लेख रहेका छन् । दफा छ.२. मा उक्त कृयाकलापहरू सञ्चालन गर्न आवश्यक पर्ने पद, योग्यता, जनशक्ति र कार्य गर्नुपर्ने अवधिको उल्लेख छ । Appedix D मा संस्थामा नियुक्त भएका जनशक्तिले समय र कामको आधारमा पाउने पारिश्रमिक लगायतको सुविधाहरूको सम्बन्धमा उल्लेख छ । उक्त सस्थाले सम्झौताको २ वर्षको अवधिमा के कस्ता योग्यता भएका जनशक्तिहरू नियुक्त गरी उनीहरूले कहिले कहिले के कति परिमाण र गुणस्तरमा कार्य सम्पादन गरे सोको बिस्तृत आधार प्रमाण र पुष्ट्याइ पेश गरेको देखिएन । संस्थाले चौमासिक रुपमा पेश गरेको संक्षिप्त रुपको भौतिक र वित्तिय प्रगति प्रतिवेदनको आधारमा कार्यालयले भुक्तानी गरेको जनाएकोमा सम्झौताका उक्त प्रावधानहरु पुरा गरेको देखिने गरी बिस्तृत प्रतिवेदन पेश भएको नदेखिएकोले पेश हुनु पर्दछ ।

त्यसैगरी सम्झौताको Appedix A Terms of Reference को दफा ट. मा परामर्शदाताले करार सम्झौता सम्पन्न भए पछि प्रतिवेदन खण्ड ञ. मा उल्लेख भए बमोजिमको अन्तिम प्रतिवेदन पेश गर्नुपर्ने, कार्य प्रगति प्रतिवेदन देखिने गरी तथ्याङ्क सहित संकलन भएको तथ्याङ्क, नक्सा, सर्वेक्षण प्रतिवेदनहरू र कार्य स्वीकार प्रतिवेदन समन्वयकर्तालाई बुझाउनु पर्ने प्रावधान रहेकोमा सो बमोजिम प्रतिवेदनहरू तयार गरी बुझाएको देखिन नआएको र संक्षिप्त प्रतिवेदन मात्र पेश भएको देखिएकोले सो बमोजिम देखिने गरी बिस्तृत रुपको प्रतिवेदन पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २२,९२,६४३ |

७६ **प्रधानमन्त्री रोजगार कार्यक्रम-**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्धेश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ८ वडामा गोरेटो बाटो निर्माण, सडक निर्माण, नाली सरसफाई लगायतका योजना सञ्चालन गरी यस वर्ष ९३३ जनालाई औसत ११ दिनले १०२६९ दिन रोजगारी उपलब्ध गराई रु.६२,९९,७४७।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

७७ **शिक्षक दरबन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस पालिका अन्तर्गत ३७ वटा विद्यालयमा २३९ जना शिक्षक दरबन्दी भएकोमा २३९ जना पदपूर्ति र पदपूर्तिमध्ये ४२ जनाकरार/अस्थायी र ४२ जना राहत शिक्षक रहेको देखिन्छ ।

| क्र.सं | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | | | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|
| | | | स्थायी | अस्थायी/करार | राहत/अनुदान | |
| १ | ३७ विद्यालय | २३९ | १७२ | २५ | ४२ | ४३८४ |

उपरोक्त शिक्षक दरबन्दी र पदपूर्ति एवम् विधार्थी सङ्ख्या विश्लेषण गर्दा प्रति शिक्षक औषतमा १८जना विद्यार्थी पढाउनुपर्ने अवस्था देखिएको, विद्यार्थी संख्याको तुलनामा शिक्षक दरबन्दी बढी भएको देखिदागाँउपालिकाले शिक्षक दरबन्दी मिलानको कार्य यथाशिघ्र अगाडि बढाउनु पर्ने देखिन्छ ।

७८ **न्युन विद्यार्थी संख्या भएका विद्यालय-**

संघिय शिक्षा नियमावली, २०५९ को नियम ७७ उपनियम १ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या पहाडमा सामान्यतया ४५ हुनुपर्ने उल्लेख छ । सोहीनियमावलीको नियम १२ क मा विद्यालय गाभ्न लिइने आधारहरू उल्लेख गरेको छ।यस पालिका मातहतमा सामुदायिक विद्यालयको संख्या ३७ रहेको र यस आ व मा उक्त विद्यालयहरूलाई यस पालिकाबाट जम्मा रु १४५०८०१८२। निकासा दिइएको विवरण प्राप्त भएको छ। उक्त विवरण अनुसार १७ विद्यालयहरूमा उपरोक्त कानूनले तोकेभन्दा न्यून संख्यामा विद्यार्थी संख्या रहेको व्यहोरा देखिन आयो। जस मध्ये एक विद्यालयमा बिद्यार्थी संख्या ५ र शिक्षक संख्या शुन्य रहेकोमा समेत रु २६१८००। निकासा दिइ खर्च लेखिएको छ । तसर्थ न्यून विद्यार्थी संख्या रहेका विद्यालयहरूलाई उपरोक्त कानून बमोजिम एक आपसमा गाभी विद्यालय व्यवस्थापनलाई चुस्त, प्रभावकारी र मितव्ययी तुल्याउने तर्फ पालिकाले ध्यान दिएको नदेखिदा सम्बन्धित निकाय तथा पदाधिकारीको ध्यान गइ कानून बमोजिम गर्नुपर्ने देखिन्छ। प्राप्त विवरण अनुसार यस पालिका अन्तर्गत विद्यालय संख्या, विद्यार्थी संख्यार विद्यालयमा बार्षिक निकासा रकमको विवरण यस प्रकार छ।

| सि नं | विद्यालय | सञ्चालित कक्षा | विद्यार्थी संख्या | कायम दरबन्दी | शिक्षक दरबन्दी संख्या | | | यो वर्षको निकासा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्थायी | राहत | करार | |
| १ | सूर्यज्योती मा.वि | १२ | ३३८ | १८ | १५ | १ | २ | ११८२३७७८ |
| २ | शैलपुत्री मा.वि | १२ | २५४ | १७ | १२ | ४ | १ | ११०४९३३६ |
| ३ | जलकन्या मा.वि | १२ | १७१ | १३ | १० | १ | २ | ९२५६५३० |
| ४ | माईकोट मा.वि | १० | २०६ | १२ | ११ | १ | ० | ७६२७७७२ |
| ५ | अन्तरज्योती मा.वि | १० | २०६ | ११ | ७ | ४ | ० | ५९२२९९६ |
| ६ | माझथर मा.वि | १२ | ३६९ | १७ | १० | ३ | ४ | ८९५६४९९ |
| ७ | हिमालय मा.वि, सौरपानी | १२ | ३५८ | १९ | १३ | २ | ४ | १०९२१७९४ |
| ८ | सिद्दार्थ मा.वि | १० | २५४ | १२ | ९ | २ | १ | ७१६६२२८ |
| ९ | दुर्गा मा.वि | १० | ३८७ | ११ | ५ | २ | ४ | ५९६३२३४ |
| १० | हिमालय मा.वि, बारपाक | १२ | ४१९ | २० | १७ | २ | १ | १३८७९८३४ |
| ११ | थलिबारी आ.वि | ८ | ७० | ८ | ८ | ० | ० | ४६१४४७६ |
| १२ | ब्रम्हचारिणी आ.वि | ८ | ३८ | ६ | ५ | १ | ० | ४०४६७८७ |
| १३ | चन्द्रकला आ.वि | ८ | ८३ | ८ | ६ | २ | ० | ४४९४१८८ |
| १४ | स्तुल आ.वि | ८ | १२५ | ५ | ५ | | | २९३६०२७ |
| १५ | भगवती आ.वि | ८ | १३५ | ६ | ४ | २ | | ३६२२९९६ |
| १६ | कन्यादेवी आवि | ८ | १६३ | ७ | ४ | २ | १ | ३२४८३८१ |
| १७ | बगेश्वरी आवि | ८ | ४६ | ७ | ४ | ३ | ० | ३७९९९३० |
| १८ | बालकौरी आवि | ५ | ५२ | ३ | ० | १ | २ | १६४१५७८ |
| १९ | बराह आवि | ३ | २४ | १ | ० | ० | १ | १३१७५२६ |
| २० | बद्रीडाँडा आवि | ३ | ४३ | २ | १ | १ | ० | ११३८८६३ |
| २१ | बाह्रमुले आवि | ५ | ४२ | २ | १ | ० | १ | १०८३९७८ |
| २२ | धर्मावती आवि | ५ | ३० | २ | २ | ० | ० | १४८०५०५ |
| २३ | ज्ञानज्योती आवि | ३ | १३ | १ | १ | ० | ० | ६९७२३२ |
| २४ | जलमुखी आ.वि | ३ | ८ | १ | १ | ० | ० | ७४०७२१ |
| २५ | मुलदेवी आवि | ५ | ३९ | ३ | १ | २ | ० | १०७३०६५ |
| २६ | नारदपोखरी आवि | ४ | २७ | २ | २ | ० | ० | १२७०८१३ |
| २७ | नवज्योती आवि | ३ | २२ | १ | ० | १ | ० | ७१८१२६ |
| २८ | सप्तकन्या आ वि | ५ | २० | २ | १ | १ | ० | १३८१६४० |
| २९ | सौरपानी सामुदायिक स्मृति | ५ | १०५ | ४ | ३ | ० | १ | २१९०३९६ |
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३० | शिम्भु आवि | ५ | १० | १ | १ | ० | ० | ८६३३६५ |
| ३१ | शिव आवि | ५ | ५५ | ३ | २ | १ | ० | १५०५१४८ |
| ३२ | अकला आवि | ५ | ४८ | २ | १ | १ | ० | १२८२८२४ |
| ३३ | मण्डली आवि | ५ | ५८ | ३ | २ | १ | ० | २२४२४८४ |
| ३४ | थानी आवि | ५ | ४४ | ३ | २ | १ | ० | १६३८००९ |
| ३५ | उलाजुङ आवि | ५ | ९६ | ४ | ४ | ० | ० | १७८२६७१ |
| ३६ | मनाशलु आवि | ३ | २१ | २ | २ | ० | ० | १४३८६५२ |
| ३७ | भानु आवि | ४ | ५ | ० | ० | ० | ० | २६१८०० |
| जम्मा | | | ४३८४ | २३९ | १७२ | ४२ | २५ | १४५०८०१८२ |

७९ **निःशुल्क शिक्षा-**

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली, २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्बन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

८० **शिक्षक तलब भत्ता-**

स्थानीय तह अन्तर्गत कार्यरत आधारभूत तथा माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक, स्वीकृत राहत अनुदान कोटाका शिक्षक, स्थानीय तहका लागि स्वीकृत कोटाका आधारमा बालबिकास सहजकर्ता, विद्यालय सहयोगी र विद्यालय कर्मचारीको तलब भत्ता निकासा गर्दा शिक्षकले विद्यालयमा उपस्थित भई अध्यापन गराएको प्रमाणित हाजिरीका आधारमा माग फारम भरी विद्यालयले स्थानीय तहसमक्ष तलब भत्ता निकासा माग गर्नुपर्दछ र सोही माग निकासालाई रुजू गरी शिक्षा अधिकृतबाट प्रमाणित गराई तलब भत्ता निकासा गर्नुपर्दछ । पालिकाले यस आर्थिक वर्ष २०८०।८१ मा पालिका भित्रका ३७ वटा विद्यालयलाई रु.१४,५०,८०,१८२।- निकासा गर्दा प्रमाणित हाजिर बेगर नै निकासा गरेको पाइयो । प्रमाणित हाजिर बेगर माग फारमका आधारमा मात्र तलब भत्ता निकासा गर्दा विद्यालयमा अनुपस्थित हुने, अवकाश भएका, रमाना हुने र नँया नियुक्ति लिइ अध्यापन गराएका शिक्षकहरूको तलब अध्यापन गराएको मितिसम्म मात्र भएको हो भनि यकिन हुन सकिएन । विद्यालयमा कार्यरत अवधि भन्दा धेरै समयको तलब भत्ता भुक्तानी भए नभएको सम्बन्धमा स्थानीय तहले यकिन गरी बढी निकासा भएको पाइएमा असुल गरी संघीय सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

८१ **समानीकरणबाट विद्यालयलाई अनुदान-**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । त्यसैगरी संघिय शिक्षा नियमावली, २०५९ को नियम ७७ उपनियम १ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या पहाडमा सामान्यतया ४५ हुनुपर्ने उल्लेख छ । पालिकाले संघीय समानीकरण समेतको पालिका चालु खर्च शीर्षकबाट १७ विद्यालयका २२ शिक्षक तथा विद्यालय कर्मचारीलाई रु.४०,६३,५००।-आन्तरिक श्रोतबाट करारमा राखिएको शिक्षक तथा कर्मचारीहरूको तलव भत्ता वापत रकम निकासा दिई खर्च लेखेको छ । जसमा पालिकाले देहाय अनुसार ४५ जना भन्दा घटी बिद्यार्थी संख्या रहेका ९ विद्यालयलाई समेत रु.१४,४८,०००।- वित्तीय समानीकरण शीर्षकबाट अनुदान निकासा दिइ खर्च लेखेको विवरण प्राप्त भएको छ । पालिकाले यसप्रकारको अनुदान सहयोग बिद्यार्थी चाप धेरै रहेका विद्यालयमा आन्तरिक श्रोतबाट भ्याउने भए मात्र उपलब्ध गराउनु

पर्नेमा समानीकरण अनुदान शीर्षकबाट उपलब्ध गराउन मिल्ने देखिदैन । पालिकाको आन्तरिक आम्दानी समेत न्यून रहेको अवस्थामा यसरी विद्यालयले व्यवस्था गरेको निजी शिक्षकहरूको तलब वापत रकम समानीकरणबाट अनुदा नदिएको नियमसम्मत नदेखिएको रू.

| सि. नं | विद्यालयको नाम | कक्षा-सम्म | जम्मा विद्यार्थी संख्या | जम्मा शिक्षक संख्या | अनुदानबाट सुविधा पाउने शिक्षक संख्या | पालिका श्रोतबाट अनुदान निकासा रकम |
|---|---|---|---|---|---|---|
| १ | बाह्रमुले आ वि | ५ | २० | ४ | १ | १५५००० |
| २ | धर्मवति आ वि | ५ | १९ | ४ | १ | १८०००० |
| ३ | दुर्गा मा वि | १० | ३२८ | १३ | २ | ४०१५०० |
| ४ | ज्ञानज्योति आ वि | ३ | १० | २ | १ | १८०००० |
| ५ | कन्यादेवी आ वि | ८ | १५६ | १० | १ | २०४००० |
| ६ | माझथर ममा वि | १२ | ३०४ | १९ | ३ | ३९०००० |
| ७ | मुलदेवि आ वि | ५ | ३७ | ४ | १ | १२३००० |
| ८ | नवज्योति आ वि | ३ | ८ | ३ | १ | १८०००० |
| ९ | सौरपानी सामुदायिक स्मृति आ वि | ५ | ८० | ६ | १ | १८०००० |
| १० | शिव आ वि | ५ | ३५ | ४ | १ | १८०००० |
| ११ | अकला आ वि | ५ | ३४ | ३ | १ | १८०००० |
| १२ | भगवति आ वि | ८ | ९९ | ९ | १ | २०४००० |
| १३ | सिद्धार्थ मा वि | १० | १९४ | १४ | १ | २४०००० |
| १४ | स्तुल आ वि | ८ | १०७ | ९ | ३ | ८१६००० |
| १५ | उलाजुङ | ५ | ९३ | ५ | १ | १८०००० |
| १६ | सप्तकन्या आ वि | ५ | ७ | ४ | १ | ९०००० |
| १७ | बर्दिडाँडा आ वि | ३ | ३६ | ३ | १ | १८०००० |
| | | | | जम्मा | २२ | ४०६३५०० |

| | |
|---|---|
| अनियमित भएको | ४०,६३,५०० |

८२ **सेनिटरी प्याड खरिद-**

सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम विद्यालयहरूले छात्राहरूको संख्या एकिन गरी आवश्यक पर्ने सेनिटरी प्याड शिक्षा शाखा मार्फत माग गर्ने र शिक्षा शाखाले स्थानीय तहमा भएको शैक्षिक व्यवस्थापन सुचना प्रणालीको तथ्यांकसंग भिडान गरी विद्यालयलाई आवश्यक हुने संख्यामा सेनिटरी प्याड उपलब्ध गराउनुपर्ने र विद्यालयले प्राप्त गरेको सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यवस्थित रुपले राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सामुदायिक विद्यालयको कक्षा ६ देखि १२ सम्मका छात्राहरूका लागि भौ.नं. ३१५।२०८१।३।२४ बाट १५५६० प्याकेट निशुल्क सेनिटरी प्याड खरिद गरी रु.६,३०,९९४।- भुक्तानी गरेकोमा विद्यालयहरूलाई सम्पूर्ण प्याडहरू हस्तान्तरण गरेको देखिन्छ। आर्थिक वर्षको सुरुमै खरिद गरी विद्यालयको मागको आधारमा वितरणको व्यवस्था मिलाउनुपर्नेमा अन्तमा खरिद गरेको पाइयो । पालिकाले अनुदान मार्फत वितरण गरेको सेनिटरी प्याड विद्यालयहरूमा आम्दानी बाँधेको प्रमाण, वास्तविक लाभग्राही कक्षा ६-१२ सम्मका छात्राहरूले पाए नपाएको सम्बन्धमा अनुगमन तथा

विद्यालयले लाभग्राही विद्यार्थीलाई वितरण गरी बाँकी मौज्दातको विवरण पेश हुन आएन । अतः कार्यान्वयन पुस्तिका अनुसार अनुगमन प्रतिवेदन तथा विद्यार्थीलाई वितरण गरी बाँकी मौज्दातको पेश हुनुपर्दछ ।

८३ **भेन्डिङ मेशिन खरिद तथा जडान-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४०(५) बमोजिम जुन कामको लागि अनुदान दिएको हो सो काममा लक्ष्य अनुसार खर्च गरे वा नगरेको अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौ.नं. ३११।२०८१।३।२३ बाट १५ थान भेन्डिङ्ग मेसिन रू.६,४४,१००।- मा खरिद गरेको छ । खरिद गरिएका मेसिनहरू सामुदायिक विद्यालयहरूलाई वितरण नगरी पालिकाको जिन्सी शाखामा नै मौज्दात रहेको पाइयो । विद्यालयको माग बमोजिम विद्यालयहरूलाई व्यवस्थित रुपमा वितरण गर्नुपर्दछ।

८४ **शीर्षक फरक-**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. १.३ मा एक बजेट उपशीर्षकमा विनियोजन भएको रकम अर्को सब-बजेट उप शीर्षकमा खर्च नगर्ने, स्वीकृत नर्म्सको परिधिभित्र कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरिएका आधार र प्रकिया अनुरुप खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले भौ.नं. ६१ मिति २०८०।१०।८ बाट सामुदायिक विद्यालयका छात्राहरूलाई निःशुल्क स्यानिटरी प्याड व्यवस्थापन उपशीर्षकबाट कक्षा ११ र १२ का विद्यार्थीहरूलाई निःशुल्क पाठ्यपुस्तक रू.९९,९०५।– निकासा दिएको छ । तसर्थ जुन बजेट शीर्षकमा बजेट नियोजन भएको हो त्यही खर्च शीर्षकबाट मात्र खर्च गर्नुपर्नेमा शीर्षक फरकपारी गरिएको खर्च नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ९९,९०५ |

८५ **पारिश्रमिक कर-**

आय कर ऐन २०५८ को दफा ८७ मा रोजगारीको आयमा अनुसुची १ बमोजिम कर कट्टी गर्नु पर्ने उलेख छ तर पालिकाले कर योग्य आय भएको देहाय अनुसारकोशिक्षकहरूको कर कट्टा गर्ने छुट भएको देखिएको पारिश्रमिक कर कट्टी भएको प्रमाण पेस गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू

| सि. नं . | शिक्षकको नाम | विद्यालयको नाम | पद | करयोग्य आय | कर रकम |
|---|---|---|---|---|---|
| १ | राम कुमार अंगाईं | शैलपुत्री मा. वि . | मा. वि . | ६३६६५२ | ३६६५ |
| | | | जम्मा | ६३६६५२ | ३६६५ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **७,१०२.०६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **३,०६५.१९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **३,०६५.१९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **८,२२०.४९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **६,५०२.०६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **८,८२०.४९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,९४६.७६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,६६५.१९ |

८६ **प्र.अ. भत्ता थप-**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.२ मा सामुदायिक विद्यालयका प्राथमिक तहका प्रधानाध्यापकलाई मासिक रू.२००।-, निम्नमाध्यमिक तह रु.३००।– र माध्यमिक तहलाई रू.५००।– का दरले प्र.अ. भत्ता उपलब्ध गराउने व्यवस्था रहेको छ । पालिका अन्तर्गतका ३७ सामुदायिक विद्यालयका प्रधानाध्यापकलाई आन्तरिक अनुदानबाट थप गरी पालिकालाई थप व्ययभार पर्ने गरी रू. २,१७,५००।– भुक्तानी दिएको रकम निमयसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,१७,५०० |

८७ **दिवा खाजा-**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले सामुदायिक विद्यालयको प्रारम्भिक बालबिकास कक्षा देखि कक्षा ६ सम्ममा अध्यनरत विद्यार्थीहरूको लागि विद्यालयमा उपस्थिति हाजिरीको आधारमा प्रति विद्यार्थी रु.१५।- को दरले १८० दिनको लागि त्रैमासिक रुपमा दिवा खाजाको रकम निकासा दिने व्यवस्था छ । पालिकाले विद्यार्थीहरूको उपस्थिति हाजिरी विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या एकिन भएपश्चात मात्र त्रैमासिक रुपमा निकासा गर्नुपर्नेमा विद्यालयले उपलब्ध गराएको हाजिरी विवरणको आधारमा ३७ वटा सामुदायिक विद्यालयको खातामा रु.५६,४९,६८५।- निकासा गरेको छ । विद्यालयलाई दिएको निकासाबाट तोकिएको कार्यमा रकम खर्च भए नभएको तथा दिवा खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापनका सम्बन्धमा पालिकाबाट अनुगमन भएको पाइएन । पालिकाले अनुगमन निरीक्षण गरि कार्यक्रम कार्यान्वियनको प्रगति तथा तोकिएबमोजिमको मार्गदशन अनुसार खाजाको मापदण्ड, गुणस्तर लगायतका समग्र कार्यको बिल भरपाई संलग्न गरी प्रतिवेदन तयार गर्नुपर्दछ।

८८ **सट्टा शिक्षक-**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा स्थानीय तहको काम कर्तव्य अधिकारको व्यवस्था रहेको छ।जसअनुसार स्थानीय तहले आधारभुत तथा माध्यामिक तहसम्मको शैक्षिक व्यवस्थापन, शिक्षक दरबन्दी मिलान, परीक्षा व्यवस्थापन जस्ता कार्यहरू गर्नुपर्ने देखिन्छ। पालिकाले सूर्यज्योति माध्यमिक विद्यालयमा कार्यरत शिक्षक भिमकुमार श्रेष्ठलाई पालिकामा कामकाज गर्ने गरी सरुवा गरी निजको सट्टामा सट्टामा मासिक रू.४३,६८९।– तलब भत्ता सुविधा दिने गरी सुरेन्द्र श्रेष्ठलाई मिति २०८०।५।४ देखि रु.२,६४,२३०।- र त्रिलोचना श्रेष्ठलाई मिति २०८०।१२।५ देखि रु.१,६८,९३०।– समेत रू.४,३३,१६०।- खर्च लेखेको छ । यसरी पालिकाको शिक्षा महाशाखामा कर्मचारी व्यवस्थापन भइसकेपश्चात पनि पालिकामा व्ययभार पर्नेगरी सामुदायिक शिक्षकको योग्यता, अनुभव, सेवा आयोगको छनौट प्रक्रिया फरक भएको अवस्थामा समेत शिक्षक नियुक्ति गरी तलव भत्ता भुक्तानी दिएको रकम अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,३३,१६० |

८९ **थप शिक्षक-**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा स्थानीय तहको काम कर्तव्य अधिकारको व्यवस्था रहेको छ।जसअनुसार स्थानीय तहले आधारभुत तथा माध्यामिक तहसम्मको शैक्षिक व्यवस्थापन, शिक्षक दरबन्दी मिलान, परीक्षा व्यवस्थापन जस्ता कार्यहरू गर्नुपर्ने देखिन्छ। पालिकाले सुत्केरी बिदामा बसेका शिक्षक, लामो समय रिक्त भएको दरबन्दी र बिरामी बिदामा बसेका शिक्षकहरूका सट्टामा विद्यालयमा पठन पाठन सहज बनाउन भनी ६ विद्यालयमा करारमा शिक्षकहरू नियुक्त गरी गाउँपालिकाको आन्तरिक स्रोतबाट रू.४,९३,५४३।– अनुदान उपलब्ध गराएको छ । पालिकाले यसप्रकारको अनुदान सहयोग विद्यार्थी चाप धेरै रहेका विद्यालयमा आन्तरिक स्रोतलाई समेत विचार गरी कानुन बमोजिम उपलब्ध गराउनुपर्दछ ।

९० **कक्षा ६ दिवा खाजा-**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले सामुदायिक विद्यालयको प्रारम्भिक बालबिकास कक्षा १ देखि कक्षा ५ सम्ममा अध्यनरत विद्यार्थीहरूको लागि विद्यालयमा उपस्थिति हाजिरीको आधारमा प्रति विद्यार्थी रु.१५।- को दरले १८० दिनको लागि त्रैमासिक रुपमा दिवा खाजाको रकम निकासा दिने व्यवस्था छ । पालिकाले कक्षा ६ मा अध्यनरत विद्यार्थीहरूको लागि गाउँपालिकाको बजेटमा व्यवस्था गरी ३७ विद्यालयमा रू.१०,०३,९२०।– दिवा खाजा अनुदान निकासा गरेको छ । यसप्रकारको अनुदान सहयोग पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

९१ **संघीय र स्थानीय कार्यक्रममा दोहोरोपना-**

संघीय सरकाले स्वास्थ्यतर्फको सशर्त कार्यक्रम अन्तर्गत महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको यातायात तथा प्रोत्साहनका लागि आर्थिक वर्ष २०८०।८१ मा प्रति महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई जनही रु.१२०००। का दरले यातायात भत्ता प्रदान गर्ने महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई प्रोत्साहन कार्यक्रम अन्तर्गत बजेट निकासा गरेकोमा पालिकाले समेत सोही कार्यक्रमको लागि भौ. नं. ८।२०८१।३।६ बाट प्रति स्वयंसेविका वार्षिक रू.१८,०००।- को दरले ६३ जनालाई रु.११,३४,०००।- यातायात भत्ता भुक्तानी गरेको छ। स्थानीय तहले समेत सोही कार्यक्रमको लागि एउटै र एकै लक्ष्य बोकेका कार्यक्रममा बजेट विनियोजन नगरी संघीय सरकारले ल्याएका कार्यक्रमसँग नजुध्ने गरी समन्वयात्मक ढंगले कार्य अगाडि बढाउनुपर्ने देखिन्छ। दोहोरो खर्च गर्दा बढी व्ययभार परेको रु

| | |
|---|---|
| अनियमित भएको | ११,३४,००० |

९२ **मेड्पा कार्यक्रम-**

गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुँदा नं. ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरूको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरू परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागीहरूलाई बिक्री गर्ने तथा यसरी बिक्री हुन नसकेमा सम्भव भएसम्म बिक्री वितरण वा प्रचार प्रसारको लागि कोसेली घर, सौगात गृह, बिक्री कक्ष वा प्रदर्शनी स्थलमा पठाउने र पठाउँदा पनि बिक्री नभएमा विवरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ । यसरी बिक्री पश्चात प्राप्त रकम कार्यालयले तोकेको राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष साबुन बनाउने तालिम र पुराना उद्यमीहरूलाई पुनर्ताजकी तालिम सञ्चालन गरी रु.६,३०,६१२।- भुक्तानी गरेकोमा के कति सामान वा वस्तुहरू उत्पादन भए र सो बिक्री भए वा भएन यकिन गर्न सकिएन । सो यकिन गरी ती वस्तु तथा सामानहरू बिक्री गरी राजस्व खातामा दाखिला गर्नुपर्ने देखिन्छ ।

९३ **पारिश्रमिक कर-**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **४,७१४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

९४ **अनुदानको अभिलेख र अनुगमन -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले यो वर्ष ३३ जना कृषक संस्था तथा कृषकहरूलाई कुलो निर्माण, मर्मत तथा सिंचाईको लागि १५ प्रतिशतले हुने रु १,६८,७५०/- रकमको जनसहभागिता र ८५ प्रतिशतले हुने रकम रु ११,२५,०००/- भुक्तानी हुने गरी कार्य भएको जनाई साना सिंचाई कार्यक्रम रु ११,२५,०००/- अनुदान दिएको विवरण प्राप्त भएको छ ।त्यसैगरी किवी खेती विस्तारको लागि t –bar निर्माण गर्न १८ जना कृषकहरूलाई प्रति t –bar लगतको ८५ प्रतिशतको दरले हुने लागत रकम रु १० लाख अनुदान दिएको विवरण पेश भएको छ । यसप्रकार दिएको अनुदान रकमको प्रभावकारी रुपमा सदुपयोग भएको सम्बन्धमा पालिकाले अनुगमन गरी प्रतिवेदन नलिएको र

अनुदानग्राहीको विवरण सार्वजनिक गरी पारदर्शिता कायम गराएको देखिएन । त्यसैगरी यसप्रकार अनुदानका कार्यक्रमहरू गत विगत वर्षहरूमा समेत सञ्चालन हुदै आएको व्यहोरा जनाइएकोमा सो को अभिलेख अद्यावधिक गरी राखेको नदेखिदा यथार्थता यकिन हुन सकेन । यसप्रकार गरेको भुक्तानी रकम अनियमित भएको रु

| | |
|---|---|
| अनियमित भएको | २१,२५,००० |

९५ **कुकुरलाई वन्धाकरण-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यो वर्ष ३ संस्थाबाट दर रेट लिई काठमाण्डौ भ्याली एनिमल क्लिनिक नामक संस्था मार्फत प्रति कुकुर रु ३,९५०/- का दरले ७६ कुकुरको वन्ध्याकरण गरेको जनाई उक्त संस्थालाई भौ.नं. २६ मिति २०८०/११/१६ बाट रु ३ लाख भुक्तानी दिएको छ । उक्त कार्यको लागत अनुमान तयार गरिएको छैन । लागत अनुमान स्वीकृति वेगर ३।३ संस्थाबाट दर रेट लिई प्रति कुकुर रु ३,९५०/- का दरले वन्ध्याकरण गर्ने कार्य मितव्ययी भन्ने आधार पेश नभएकोले अनियमित भएको रु

| | |
|---|---|
| अनियमित भएको | ३,००,००० |

९६ **कृषि पशु अनुदान-**

कृषि क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्द्धन लगायतका कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्बन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधि तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष पालिकाबाट १५ कृषक समूह, १ सकारी संस्था र ७३ कृषकको लागि रु.३२,७७,७५०।- खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

| **क्र.सं.** | **अनुदानको किसिम** | **व्यक्ति संख्या** | **रकम** |
|---|---|---|---|
| १ | साना सिँचाइ कार्यक्रम | २० कृषक र १३ कृषक समूह | ११२५००० |
| २ | हाते ट्याक्टर | ३५ | ९९२७५० |
| ३ | किवी खेती | १८ | १०००००० |
| ४ | थ्रेसर | २ कृषक, २ कृषक समूहर १ सहकारी संस्था | १६०००० |
| | | जम्मा | ३२७७७५० |

९७ **संस्थालाई अनुदान-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । यो वर्ष देहायअनुसारका नाफामूलक संस्थालाई अनुदान दिएको नियमसम्मत नदेखिएको रु.

| भौचर नं र मिति | अनुदान प्राप्त गर्ने संस्था | अनुदान व्यहोरा | अनुदानरकम |
|---|---|---|---|
| ५१४।२०८०।१२।६ | पिपलबोट कृषि सहकारी संस्था लि | सहकारी संस्थाहरूलाई कृषि उपज खरिद तथा संकलनका लागि प्रस्तावको आधारमा अनुदान कार्यक्रम | २१०५७२।५० |
| १३३।२०८१।२।७ | ताकुकोट कृषि सहकारी संस्था लि. | कोल्डरुम सञ्चालन | २००००० |
| ६२।२०८१।२।२२ | पिपलबोट कृषि सहकारी संस्था लि | उत्पादनमा आधारित अनुदान | २३२४६५।५० |
| जम्मा | | | ६४३०३८ |

| | |
|---|---|
| अनियमित भएको | ६,४३,०३८ |

९८ **प्रमाण पेश-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गरी खर्च लेख्नुपर्ने व्यवस्था छ ।पालिकाले कृषकहरूलाई उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रम अन्तर्गत कृषकले उत्पादन गरी विक्री गरेको उत्पादनलाई सम्बन्धित सहकारी संस्थाले प्रमाणित गर्ने र उक्त प्रमाणित गरेको प्रमाणलाई आधार लिई कृषकको वैंक खातामा रकम जम्मा गरेको प्रमाण वैंक मार्फत लिएको पाइयो । जसमध्ये निम्नानुसार उत्पादनमा आधारित अनुदान वितरण गरेको रकमको सम्बन्धित सहकारी संस्थाले प्रमाणित गरेको र वैंकले कृषकको खातामा जम्मा गरिएको वैंक स्टेटमेन्ट पेश भएको नदेखिएकोले पेश हुनुपर्ने रु

| गो.भौ. नं / मिति | भुक्तानी रकम |
|---|---|
| ६७/०८१/२/२३ | ७,६७,१०८ |
| ६२/०८१/२/२२ | ५,०६,२५६ |
| जम्मा | १२,७३,३६४ |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **९१८,५३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,७३,३६४ |

९९ **लाभग्राहीबाट हाते ट्रयाक्टर र थ्रेसर खरिद-**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा सार्वजनिक खरिदका विभिन्न विधिहरू उल्लेख रहेका छन ।पालिकाले यो वर्ष हाते ट्रयाक्टर ३५ थान र थ्रेसर ५ थान खरिद गरी ५० प्रतिशत अनुदानमा कृषकलाई वितरण गर्न उक्त ऐन तथा नियमानुसार प्रतिस्पर्धात्मक विधिबाट खरिद गरी कृषकहरूको ५० प्रतिशत अनुदानमा कृषकलाई वितरण गरिनुको सट्टा स्यवं कृषकले नै खरिद गरी हाते ट्रयाक्टरको लागि ३५ जना कृषकलाई रु ९,९२,७५०/- र ५ जना कृषकलाई थ्रेसर खरिद गर्न रु १,६०,०००/- रकम ५० प्रतिशत अनुदानका दरले नगदै भुक्तानी गरेको विवरण प्राप्त भएको छ । यसप्रकार पालिका आफुले कानुनसम्मत खरिद नगरी कृषकहरू स्वयंले खरिद गर्दा खरिद कार्य टुक्रा हुन गएको र प्रतिस्पर्धा समेत न्युन तथा शून्य रहने हुदा उक्त खरिद कार्य मितव्ययी हुन सकेको पाइदैन ।त्यसैगरी पालिकाले गत विगत वर्षहरूमा समेत यसप्रकारका यन्त्र तथा उपकरण लगायतका सामग्रीहरू पालिका तथा सम्बन्धित वडा कार्यालयहरूबाट समेत अनुदानमा उपलब्ध गराउदै आएको जनाइएकोमा सो को अभिलेख अद्यावधिक गरी राखेको नदेखिदा उक्त अनुदानको प्रभावकारी रुपमा सदुपयोग भएको यकिन हुन सकेन । यसप्रकार गरेको भुक्तानी रकम अनियमित भएको रु

| | |
|---|---|
| अनियमित भएको | ११,५२,७५० |

१०० **सामाजिक सुरक्षा भत्ता वितरण-**

सामाजिक सूरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नविकरण लगत कट्टा तोकिएको मितिभित्रै परिचय पत्र अनिवार्य रुपमा नविकरण गरी सामाजिक सूरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नपर्ने, भत्ता वितरण गर्दा बैक मार्फत गर्नुपर्ने, सामाजिक सूरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था छ । पालिकाले पहिलो त्रैमासिकको ८ वडालाई विभिन्न ३ बैङ्कबाट रू.४,०८,८२,०३४।- र दोश्रो किस्तादेखि EFT को माध्यमबाट रू.१२,३९,८५,८६९।- समेत रू.१६,४८,६७,९०३।- वितरण गरेको छ ।

(क) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नविकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रूपमा नविकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने बैङ्क मार्फत वितरण गर्नुपर्ने नियमित रूपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरी अध्यावधिक गर्ने जस्ता जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ ।लेखापरीक्षण योजना अनुसार वितरण अवस्थाको तथ्याङ्क परीक्षण गर्दा बैङ्क मार्फत वितरण गरेको भत्ताको अध्यावधिक प्रगति प्रतिवेदन लिने गरेको देखिएन । निश्चित समय अन्तरमा लगत अध्यावधिक नभएकोले मृत्यु भई लाभग्राही सुचिबाट लगत कट्टा हुनुपर्ने व्यक्तिको नाममा समेत बैङ्कमा निकासा जाने गरेको देखियो । लाभग्राही लागत अध्यावधिक गरि सोही आधारमा निकासा वयवस्थापन गर्नुपर्छ ।

(ख) सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३(५) मा खाता सञ्चालन गर्ने बैङ्क तथा वित्तिय संस्थाले निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र सम्बन्धित स्थानीय तहका साथै विभागलाई उपलव्ध गराउनु पर्ने उल्लेख छ । लेखापरीक्षणको क्रममा निष्क्रिय लाभग्राहीको खाता माग गर्दा उपलब्ध गराएको छैन । गाउँपालिकाले निष्कृय लाभग्रहीको खाताको विवरण माग गरी लगत अध्यावधिक गर्नु पर्दछ।

(ग) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५, को परिच्छेद ४, दफा १६ मा स्थानीय तहले सम्बन्धित वडा कार्यालय मार्फत प्रथम चौमासिक असोज १ गतेबाट दोस्रो हप्ताभित्र, दोस्रो चौमासिक माघको १ गते बाट दोस्रो हप्ता भित्र र तेस्रो चौमासिक जेठको १ गतेबाट दोस्रो हप्ताभित्र वितरण गर्नुपर्ने भएकोले समयमै सामाजिक सुरक्षा भता वितरण गर्नुपर्ने र सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको विवरण समयमै अद्यावधिक हुन नसकेको देखिएकोले समयमै अद्यावधिक गर्नुपर्ने देखिन्छ ।

# अनुसूचीहरु

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : बारपाक सुलिकोट गाउँपालिका, गोरखा , बारपाक सुलिकोट गाउँपालिका , गोरखा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | तुलसी राम आचार्य | २०७८-१२-८ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ४,४८९,८५९.२९ | २०,४७१,८३७ | १३,२७५,१४१.४ | ० | ० | ७००,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ३८,९३६,८३७.६९ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | १,६६३,८७३.९३ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ३७,२७२,९६३.७६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ९९३३०८६६.११ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३९१४१५०५१ | **चालु खर्च** | ३७९३११७६०.४७ |
| **प्रदेश सरकारबाट अनुदान** | २१२७६९१०.०१ | **पूँजीगत खर्च** | १३८४८२५८९.७३ |
| **राजश्व बाँडफाँट** | ९५४२७५७७.२ | **वित्तीय/अन्य व्यवस्था** | २०८४५१३६८.०४ |
| **आन्तरिक आय** | ८९५८६७०.१४ | | |
| **अन्य आय** | १९९५२५७७५.७२ | | |
| **कुल आय** | ७१६६०३९८४.०७ | **कुल खर्च** | ७२६२४५७१८.२४ |
| **बाँकी मौज्दात** | | ८९६८९१३१.९४ | |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलब सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चिततताबेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलगअलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।